

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६    भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १५० ★ ने. सं. ११४६ तछला थ्व, अष्टमी ★ सोमबार ★ ८ असार, २०८३ ★ June 22, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# विकास निर्माणलाई अघि बढाउँदा ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाको संरक्षणलाई विशेष प्राथमिकता दिनुपर्ने




भक्तपुर, ७ असार । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको बीसौँ नगरसभाको आइतबार एक विशेष समारोहबिच उद्घाटन गर्नुभयो ।

उद्घाटन सत्रमा प्रमुख अतिथि बिजुक्छेँले विकास निर्माणको कामलाई अघि बढाउँदा ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाको संरक्षणलाई विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

उहाँले विकासको क्रममा भएका कामहरूको समीक्षा गर्दै कहाँ र कसरी कमजोरी भएका छन् भन्ने विषयमा आत्मसमीक्षा गर्न आवश्यक रहेको उल्लेख गर्दै जनप्रतिनिधिहरूले जनताको आवश्यकता र अपेक्षाअनुसार काम गर्नुपर्ने तथा जनतामाझ सही सूचना प्रवाह गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

समाजमा देखिएका कमजोरी र विकृतिलाई सुधार्दै अघि बढ्नुपर्ने उल्लेख गर्दै उहाँले विकासको नाउँमा सम्पदामाथि असर पुग्ने गतिविधि गर्न नहुने बताउनुभयो । उहाँले भक्तपुरको ऐतिहासिक पहिचान जोगाउनु सबैको साझा दायित्व भएको धारणा व्यक्त गर्नुभयो ।

पुरातात्त्विक महत्त्वका क्षेत्रहरूमा कुनै पनि निर्माण, पुनर्निर्माण वा उत्खनन् कार्य गर्नुअघि सम्बन्धित विज्ञसँग परामर्श, अध्ययन तथा अनुसन्धान गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले अज्ञानतावश गरिने निर्णयले ऐतिहासिक सम्पदामा क्षति पुग्न सक्ने भएकोले यस विषयमा जनप्रतिनिधि र सरोकारवाला निकाय सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले समाजलाई सही दिशामा अघि बढाउन विद्यार्थी, युवा तथा जनप्रतिनिधिहरूलाई निरन्तर शिक्षित र प्रशिक्षित बनाउन आवश्यक रहेको उल्लेख गर्दै दूरदर्शी सोच, अनुशासन र जिम्मेवार नेतृत्वबाट मात्र समाजको समग्र विकास सम्भव हुने बताउनुभयो ।

उहाँले विकास र संरक्षणलाई सँगसँगै अघि बढाएर भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक पहिचान जोगाउँदै समृद्ध समाज निर्माण गर्न सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, खानेपानीजस्ता जनताका आधारभूत आवश्यकतालाई प्राथमिकतामा राख्दै निर्वाचन घोषणापत्रअनुसार काम गर्दै आएको चर्चा गर्नुभयो ।

"नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' ले हामीलाई काम गर्न दिशानिर्देश गरिरहेको छ । नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात गर्दै हामी सम्पूर्ण जनप्रतिनिधिहरू भक्तपुरको विकासको निम्ति अगाडि बढ्दै छौँ ।", उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाको आन्तरिक र बाह्य सीमित स्रोत र साधनहरूको आधारमा जनताको असीमित आवश्यकतालाई पूरा गर्नुपर्ने जिम्मेवारी रहेको बताउँदै उहाँले प्राथमिकता क्रमको आधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भूकम्प र कोभिड-१९ महामारीपछिको कठिन परिस्थितिका बिच भक्तपुर नगरपालिकाले हासिल


***बाँकी पृष्ठ ८ मा***


# शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयको भूमिकाबारे अन्तरक्रिया




भक्तपुर, ७ असार । विद्यार्थी निकेतन माध्यमिक विद्यालयको ७९ औँ स्थापना दिवसको अवसरमा 'शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भन्नुभयो, "विद्यार्थी निकेतन रहेको स्थानमा एसियाकै ठूलो मध्यकालीन ऐतिहासिक अभिलेखालय थियो । सो स्थानमा मुस्लिम शासकहरू र एकीकरणको क्रममा भएको हमलाले सम्पूर्ण प्रमाण नष्ट भएकोले त्यसलाई नयाँ तरिकाले जीवित राख्न शैक्षिक ल्याव, पुस्तकालय एवं रिडिङ सेन्टरको रूपमा विकास गर्ने योजना थियो, त्यस कुराले सार्थकता पाउन सकेन । यो योजना सफल भएको भए भक्तपुरलाई शैक्षिक केन्द्रको विकासमा थप टेवा पुग्ने थियो ।"

"प्रजातन्त्र पनि कहिलेकाहीँ प्रत्युत्पादक हुनसक्ने, बहुमतले सही र दीर्घकालीन योजनालाई समेत विफल बनाउँदा जनताको सुविधाबाट वञ्चित हुनुपर्ने हुन्छ", उहाँले भन्नुभयो ।

कुनै पनि नयाँ काम गर्दा बाधारहित नहुने, नागबेली बाटोबाट अगाडि बढ्ने हुँदा विद्यार्थी शिक्षकहरूले पनि उत्साहित भएर नयाँ तरिका अपनाई शैक्षिक क्रियाकलापमा लाग्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, "नयाँ पुस्ताका विद्यार्थीहरू धेरै अद्यावधिक भएको हुनाले प्रयोगात्मक एवं अनुसन्धानमूलक शिक्षण पद्धतिबाट पठनपाठनको कार्य जोडतोडले अगाडि बढाउनुपर्दछ ।"

धनीवर्गका छोराछोरीलाई तालिम दिएर नेपालमा अमेरिका र भारतले आन्दोलन गराएको यथार्थ हामीसामु


***बाँकी पृष्ठ २ मा***


# लेबनानमा इजरायली आक्रमण रोक्न इरानले अमेरिकासँगको वार्तामा विशेष जोड दिने

तेहरान, ७ असार (एएफपी) । इजरायल र लेबनानको सशस्त्र समूह हिजबुल्लाहबिचको चलिरहेको द्वन्द्व स्विट्जरल्यान्डमा अमेरिकासँग हुने वार्ताको मुख्य छलफलको विषय हुने इरानले आइतबार जनाएको छ । इरानको रोक्का कोष र देशको तेल बिक्रीजस्ता विषयहरू पनि वार्तामा छलफलका विषय हुनेछन् ।

"यहुदी प्रशासनले लेबनानमा आफ्नो प्रतिबद्धता उल्लङ्घन गरिरहेको छ । यो विषय आजको वार्ताको मुख्य विषय हुनेछ," विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले इरानी समाचार संस्था (इर्ना) द्वारा सम्प्रेषित एक भिडियोमा बताउनुभएको छ ।

तेहरानले वाशिङटनसँग फेब्रुअरी २८ मा अमेरिका-इजरायली हमलापछि सुरू भएको र महिनौँदेखि चलेको द्वन्द्व समाप्त गर्न गत बिहीबार अमेरिकासँग एक समझदारीपत्रमा सम्झौता गरेको थियो । सम्झौताअनुसार, लेबनानमा इजरायल-हिजबुल्लाह द्वन्द्व पनि रोकिने सहमति भएको थियो ।

इरानको सेनाले शनिबार लेबनानमा इजरायली हमला जारी रहेको कारणले उसले फेरि हर्मुज जलडमरू बन्द गरेको घोषणा गरेको छ ।

शनिबार साँझपछि लेबनानमा कुनै नयाँ आक्रमण भएको रिपोर्ट आएको छैन र बघाईले शनिबारदेखि लेबनानमा 'युद्धविराम' जारी भएको बताउनुभयो ।

समझदारी पत्रमा उल्लेख भएअनुसार अमेरिका र इरान लेबनानमा इजरायल-हिजबुल्लाह द्वन्द्व पनि रोक्न सहमत भएको तेहरानको दाबी छ ।

उहाँले थप्नुभयो, "तेहरानले आफ्नो रोक्का तथा पहुँचयोग्य नभएका कोषहरूको विषयलाई पनि वार्तामा अघि बढाउनेछ ।"

"इरानको रोक्का वा प्रतिबन्धित सम्पत्तिहरू उपलब्ध गराउने विषय, साथै इरानी तेल बिक्रीका लागि आवश्यक अनुमति पत्र (लाइसेन्स) जारी गर्ने सम्बन्धित छलफल पनि छलफलको विषयमा रहनेछ," हाल वार्ताको तयारीमा स्विट्जरल्यान्ड रहनुभएका बघाईले बताउनुभयो ।


***बाँकी पृष्ठ २ मा***


# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ३२

**सशस्त्र प्रहरी बल नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार), काठमाडौँका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक सुमन चालिसे :**

२०८२ भदौ २३ गते नयाँ बानेश्वरस्थित एभरेस्ट होटल अगाडि म प्लाटुन कमान्डरका रूपमा खटिएको थिएँ । प्रदर्शन सुरूमा शान्तिपूर्ण थियो भने भिड अनुमानभन्दा १०-१२ गुणा बढी थियो । हामीलाई "अन्तिम बल (गोली प्रहार) नगर्नू, सक्दो कन्टेन गर्नेतर्फ प्रयास गर्नू" भन्ने निर्देशन दिइएकोले हवाईफायरबाहेक कुनै लिथल-फायर गरिएन । भिडले एपीएफ अस्पतालको एम्बुलेन्ससमेत जलाइदिएको थियो ।

भदौ २४ गते आफू घाइते भएकोले फिल्ड ड्युटीमा नगई युनिट स्ट्यान्डबाइमा रहेको थिएँ । "सशस्त्र प्रहरी उपस्थित भए पनि सहयोग गरेन" भन्ने बयानबारे देशव्यापी तनाव, विशाल भिड र आकस्मिक जोखिमका कारण परिस्थितिको असामान्य बहाव रहँदासमेत नेपाल प्रहरीलाई सम्भव भएसम्म सहयोग गरिएको थियो ।

भदौ २३ र २४ गतेको प्रदर्शनमा स्पष्ट रूपमा घुसपैठ भएको आकलन गर्न सकिन्छ । प्रदर्शनकारीहरू घरेलु हतियार, गल, गैँती बोकेर आएका थिए । उनीहरूले वाटरक्यानन् जलाउन दर्जनौँ पेट्रोल बम प्रहार गरे । सैनिक तैनाथी अपेक्षित भए पनि ठोस हस्तक्षेप नभएकोले सुरक्षा दायित्वको ठुलो भार प्रहरी र सशस्त्र प्रहरीमै परेको थियो ।

घटनाको मूल कारण सूचनाको कमी, सुरक्षा उपकरणको चरम अभाव, नीतिगत अस्पष्टता र जनअसन्तुष्टि थियो ।

**सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे. क्वा. गुहेश्वरी भक्तपुरका निमित्त गणपति सशस्त्र प्रहरी नायब उपरीक्षक प्रमोद राय :**

२०८२ भदौ २४ गते दिनको अन्दाजी ११:३५ बजे जिल्ला प्रशासन कार्यालय भक्तपुरमा आएका अन्दाजी १०००/१२०० जना प्रदर्शनकारीले कार्यालय घेराउ गरी नाराबाजी गरे । उनीहरूले करिब १२:०० बजेदेखि जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालय तोडफोड तथा आगजनी गरे । सोही दिन बाल अदालत, जिल्ला आयुक्तको कार्यालय, जिल्ला प्रहरी परिसर तथा अन्य प्रहरीलगायतका सरकारी कार्यालयसमेत ३२ वटामा आगजनी, तोडफोड तथा लुटपाट भएको थियो ।

भिडमा घुसपैठ, घरेलु हतियार बोकेका समूह, जनविश्वासको अभाव, प्रशासन-आन्दोलनकारीबिच संवाद नहुनु, सूचनाको कमजोर विश्लेषण र आकस्मिक परिस्थितिमा स्रोत-साधन अभाव देखियो ।

**नख्खु कारागार सुरक्षार्थ खटिएका कमान्डर सशस्त्र प्रहरी नायब उपरीक्षक संगम श्रेष्ठ :**

२०८२ भदौ २४ गते नख्खु कारागार बाहिर प्रदर्शनकारीहरूको आवागमन भइरहेको थियो । ती प्रदर्शनकारी भैँसेपाटी मन्त्रीक्वार्टरतर्फ भएको थियो । अन्दाजी १०:३०/११:०० बजेको समयमा नख्खु कारगारको उत्तरतर्फ अन्दाजी ७००/८०० मिटर


***बाँकी पृष्ठ २ मा***



**तटबन्ध निर्माण गरिँदै**

रसुवागढी जलविद्युत् आयोजनास्थलको टिमुरे क्षेत्रमा नदी तटबन्ध निर्माण गरिँदै । *तस्बिर : ज्ञानेन्द्र न्यौपाने/रासस*

# खुल्दै छ भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशकको 'भ्रष्टाचार' !

भक्तपुर, ७ असार । भक्तपुर क्यान्सर अस्पतालको कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले नियमविपरीत मासिक पारिश्रमिक र भत्ता असुलेको खुलेको छ । महालेखा परीक्षणको प्रतिवेदनमा निजले मन्त्रीपरिषद्को निर्णयभन्दा बढी रकम लिएको विवरण नै उल्लेख गरी असुलउपर गर्न निर्देशनसमेत दिइएको छ ।

प्रतिवेदनको बुँदा नं. ४९ मा तलब भत्ता तथा सुविधा शीर्षकमा उल्लेख गरिएको छ, 'स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय नीति तथा अनुगमन महाशाखाको चलानी नं. १३२० मिति २०७८/२/१८ को पत्रमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८/२/१० को निर्णयानुसार भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशकको तलब भत्ता तथा सुविधा एकमुष्ठ रु.१ लाख ७५ हजार तोकिएको छ । यस अस्पतालले कार्यकारी निर्देशक उज्ज्वल चालिसेलाई तलब भत्ता तथा सुविधा भुक्तानी गर्दा विस्तारित सुविधा/अतिरिक्त समय काम गरेको भनी देहायअनुसार थप भत्तासमेत भुक्तानी गरेको देखिएकोले नेपाल सरकार मन्त्रीपरिषद्बाट तोकिएको भन्दा बढी तलब भत्ता पाउने आधार प्रमाण पेस गर्नुपर्ने अन्यथा असुलउपर हुनुपर्ने रु.१२,८६,५४१।'

प्रतिवेदनमा निजले आफूले पाउने मासिक तलब भत्ता रकमभन्दा ३ लाख ११ हजार १९१ रुपैयाँसम्म बढी रकम बुझिलिएको विवरण उल्लेख छ । 'सरकारले निर्धारण गरेको भन्दा बढी रकम लिनु भ्रष्टाचार हो । उनले हालसम्म यही शीर्षकमा पचासौं लाख अस्पतालको कोषबाट लिएको देखिन्छ । महालेखा परीक्षकको प्रतिवेदनले प्रस्ट भाषामा असुलउपर गर्नुपर्ने रकम तोकिँदासमेत निर्देशक डा. चालिसेले हालसम्म उक्त रकम फिर्ता नगरेको स्रोतले बताएको छ ।

सोही प्रतिवेदनमा अस्पतालको फार्मेसीमा अन्कोलोजीतर्फ उच्च परिमाणमा प्रयोग हुने औषधि खरिद प्रक्रियामा अनियमित भएको उल्लेख गरिएको छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ विपरीत ती औषधिहरू सोझै खरिद गर्दा १ करोड ९ लाख २२ हजार ९५० रुपैयाँ अनियमित भएको विवरण नै प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनको बुँदा नं. १६ मा अस्पतालले एउटै औषधि पनि भिन्न भिन्न कम्पनी तथा सप्लायर्सहरूबाट फरक फरक मूल्यमा खरिद गर्दा अस्पताललाई १४ लाख ६१ हजार २०० रुपैयाँ घाटा पुऱ्याएको उल्लेख छ । एउटै औषधि न्यूनतममा रु.२५५६ मा पनि खरिद गरेको देखिएको छ भने अधिकतममा त्यही औषधि रु.३५५० मा पनि खरिद गरेको देखिएको छ । प्रतिवेदनमा उक्त एउटा औषधि खरिदमा मात्र अस्पताललाई ३ लाख ९७ हजार ६०० रुपैयाँ थप व्ययभार बनाइएको प्रमाणसहित पेस गरिएको छ । यस्ता औषधिहरूको मूल्यमा फरक परेका लामै विवरण प्रतिवेदनमा उल्लेख छ ।

एक वर्षमा मात्र अस्पतालको बेरुजु १४ करोड रहेको उक्त प्रतिवेदनले जनाएको छ । अस्पतालजन्य फोहरमैला व्यवस्थापन (वेस्ट म्यानेजमेन्ट सिस्टम) खरिद प्रक्रियाका लागि अस्पतालले सार्वजनिक खरिद नियमावलीविपरित लागत अनुमान २ करोड ४७ लाख ३१ हजार ६६७ रुपैयाँको तयार गरेको उल्लेख छ, जुन आ.व. २०८०/८१ मा शुक्रराज ट्रपिकल सरुवा रोग अस्पतालले खरिद गरेको मूल्यभन्दा १ करोड २२ लाख ८१ हजार १६७ रुपैयाँले बढी हुन आउँछ ।

डा. चालिसे आफूलाई मेडिकल डाइरेक्टर नियुक्तिका लागि शक्ति केन्द्रहरूमा धाउँदा गरेको खर्च सावाँ ब्याजसहित उठाउने दाउमा रहेको चर्चा छ । अस्पतालमा महँगा मेसिनहरू खरिद र जडान प्रक्रियामा लाखौं कमिसनको खेल भएको चर्चा छ ।

निर्देशक डा. चालिसेले पद र शक्ति केन्द्रको आडमा चिकित्सा आचारसंहिता (मेडिकल इथिक्स) भुलेर काम गरेको गुनासो छ ।

गरिब तथा विपन्नवर्गलाई क्यान्सरजस्तो प्राणघातक रोगबाट जोगाउने पवित्र उद्देश्यसहित सञ्चालन गरिएको भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेको बदनियत कसैका लागि पनि सह्य हुन सक्दैन । एउटा गैरसरकारी संस्थाले सोही अस्पतालको नाममा ब्रह्मलुट र भ्रष्टाचार गरेको विरोधमा अस्पतालका चिकित्सक तथा कर्मचारीहरू एकजुट भई आन्दोलन गरेको धेरै वर्ष बितेको छैन । अस्पतालका कर्मचारीहरूको साथमा स्थानीय जनतासमेतको विरोध र भक्तपुर नगरपालिकाको अगुवाइमा उक्त अस्पताललाई गैरसरकारी संस्थाबाट मुक्त गराई नेपाल सरकारको स्वामित्वमा रूपान्तरण गरिएको थियो । फेरि पनि सरकारी अस्पताललाई डुबाउने षड्यन्त्र कार्यकारी निर्देशकबाट हुनु राम्रो सङ्केत होइन । अस्पतालमा भइरहेको बेथिति र भ्रष्टाचारविरुद्ध फेरि पनि अस्पतालका कर्मचारी र स्थानीय जनताको सशक्त आन्दोलनको आवश्यकता भएको पर्यवेक्षकहरूले बताउन थालेका छन् ।

# साहित्य सन्ध्यामा 'अल्गोरिदम र डार्क पीआर' बारे परिचर्चा

काठमाडौँ, ७ असार । साहित्य सन्ध्याको ४७७ औँ नियमित मासिक विशेष शृङ्खलामा 'वर्तमान समयमा अल्गोरिदम (समस्या समाधान गर्ने चरणबद्ध नियमहरूको योजना) को असर र डार्क पिआर (छद्म सार्वजनिक सम्बन्ध)ले मानवमस्तिष्कमा पार्ने प्रभाव' विषयमा परिचर्चासहित कविगोष्ठीको आयोजना गरिएको छ ।

शनिबार आयोजित कार्यक्रममा युवा कवि प्रशान्त खरेलले अल्गोरिदमका सकारात्मक र नकारात्मक दुवै पक्ष रहेको बताउनुभयो । उहाँका अनुसार खोजिएका कुरा तत्काल उपलब्ध हुनु, स्वास्थ्य तथा विज्ञानका क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउन सहयोग पुग्नु, मौसम पूर्वानुमान र नयाँ औषधि पहिचानमा सहयोग पुग्नु अल्गोरिदमका सकारात्मक पक्ष हुन् ।

डिजिटल लत बढ्ने, भ्रम र गलत भाष्य निर्माण हुने तथा गलत सूचना फैलिने जस्ता जोखिम पनि उत्तिकै रहने उहाँले बताउनुभयो ।

"भाइरल हुनका लागि सत्यभन्दा बढी गलत सूचना प्रवाह गर्ने, आवेग सिर्जना गर्ने, निर्वाचनमा बाह्य हस्तक्षेप हुने, व्यक्तिका सूचना सङ्कलन गरी बिक्री गर्ने, एकाधिकारतर्फ जाने प्रवृत्ति देखिन्छ," खरेलले भन्नुभयो ।

उहाँले सामाजिक सञ्जालमा नेपालमा सर्भर नहुने वा दर्ता तथा नियमन नहुने अवस्थासम्म यस्ता समस्या कायम रहने धारणा राख्नुभयो ।

उहाँले श्रमिक अधिकारमा असर, गम्भीर विषयलाई सतही बनाउने प्रवृत्ति, "हामी विरुद्ध उनीहरू" भन्ने मनोवृत्ति विकास हुने तथा घृणा र भावनात्मक उत्तेजना हावी हुने अवस्था देखिएको उल्लेख गर्नुभयो ।

तथ्याङ्कको संरक्षण, स्थानीय तहसम्म प्रविधि शिक्षा विस्तार तथा पारदर्शितामार्फत अल्गोरिदमसम्बन्धी सचेतना आवश्यक रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा स्रष्टाहरू ओमप्रसाद कोइराला, डम्बर पहाडी, ललिता दोषी, सुशीला प्रधानाङ्ग, गोपाल बराल, डा. मनोज जोशी, प्रिन्स प्रमोद, केदारनाथ आचार्य, नवराज श्रेष्ठ, डा. गोविन्दप्रसाद आचार्य, नारायण निरासी, कुमार नेपाल, राधिका भण्डारी सापकोटा, प्रभाती किरण, जयन्ती स्पन्दन, लक्ष्मण तिमल्सिना, अमरदीप सुनुवार, डा. कृष्ण सुवेदी, दील पौडेल, नन्दु उप्रेती, राजाराम राउत, रूपक अलङ्कार, वासुदेव अधिकारी र गोपालकुमार मैनालीले रचना वाचन गर्नुभयो ।

प्रस्तुत रचनामाथि समीक्षा गर्दै समालोचक ज्ञानु विद्रोहीले देशभक्ति र जागरणमुखी कविताहरू वाचन भएको बताउनुभयो । साहित्य सन्ध्याका अध्यक्ष राम विनयले साहित्यका माध्यमबाट सामाजिक विकृति तथा शासकीय विसङ्गतिका विरुद्ध आवाज बुलन्द गर्नुपर्नेमा जोड दिनुभयो । ***(रासस)***

# निजामती अस्पतालमा ६ महिनादेखि 'सिटी स्क्यान' सेवा ठप्प

काठमाडौँ, ७ असार । नयाँ बानेश्वरस्थित निजामती कर्मचारी अस्पतालमा सिटी स्क्यान सेवा बन्द भएको छ ।

विगत छ महिनादेखि सिटी स्क्यान मेसिन बिग्रिएर सेवा बन्द भएको अस्पालका निमित्त कार्यकारी निर्देशक डा. रविप्रकाश शर्माले जानकारी दिनुभयो ।

"सिटी स्क्यान मेसिन बिग्रिएर बिरामीलाई धेरै नै समस्या भएको छ", उहाँले भन्नुभयो, "बिरामीलाई सिटी स्क्यानका लागि अन्यत्र पठाउनुपरेको छ ।" अस्पतालमा दैनिक ६०० भन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् । ***(रासस)***

# फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानको अभाव

काठमाडौँ, ७ असार । सरोकारवालाले समावेशी तथा सुरक्षित सरसफाइ सेवा विस्तारमा नीतिगत अस्पष्टता, इजाजतपत्र प्राप्तिको जटिल प्रक्रिया तथा फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानको अभाव प्रमुख चुनौतीका रूपमा देखिएको बताएका छन् ।

आइतबार यहाँ आयोजित 'समावेशी सरसफाइ र सञ्चारमाध्यमको भूमिका' विषयक अन्तरक्रियामा निजी क्षेत्रका प्रतिनिधिहरूले मलमूत्र व्यवस्थापन क्षेत्रमा काम गर्न आवश्यक इजाजतपत्र प्राप्त गर्न कठिनाइ हुने, प्रशोधित वा सङ्कलित फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानको अभाव रहने तथा नीतिगत स्पष्टता नहुँदा सेवा विस्तारमा समस्या भइरहेको गुनासो गर्नुभयो ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका डा. रजित ओझाले नेपाल तथा अन्तर्राष्ट्रिय अभ्यासबारे प्रस्तुति दिँदै सुरक्षित र समावेशी सरसफाइ सेवा प्रवर्द्धनमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले सरसफाइ सेवाको वर्तमान अवस्था, तथ्याङ्क, चुनौती तथा विभिन्न देशमा निजी क्षेत्रको सहभागितामार्फत हासिल भएका उपलब्धिबारे जानकारी गराउनुभएको थियो ।

कार्यक्रमका सहभागीहरूले सुरक्षित तथा समावेशी सरसफाइ सेवा सुनिश्चित गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने नीतिगत व्यवस्था, लगानीमैत्री वातावरण तथा सञ्चारमाध्यममार्फत प्रभावकारी पैरवी आवश्यक बताएका थिए । ***(रासस)***

***शिक्षा...***

रहेकोले गरीबका छोराछोरीहरू पनि राजनैतिक रूपमा शिक्षित भई देश जोगाउनको लागि होमिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

गणेश मावि भार्वाचोका प्रअ गणेशराम थुसाले स्थानीय समुदायको योगदानको कारण भक्तपुर नगरमा सामुदायिक भवनको जग बसेको हुनाले त्यस योगदानको मूल्याङ्कन गर्दै कार्यरत शिक्षक कर्मचारीहरूले जागिरे प्रवृत्ति छोडी सेवामूलक भावले काम गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

समाजसेवी हिमालयश्वरलाल मूलले विद्यालयले माध्यमिक कक्षालाई पनि विशेष शैक्षिक कार्यक्रम सञ्चालन गर्न सुझाव दिनुभयो ।

शिक्षासेवी नारायणप्रसाद त्वायनाबासुले विद्यार्थीहरूलाई अनुशासित बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुशल अभ्यासलाई जोड दिनसके उत्कृष्ट नतिजा हासिल हुने विश्वास व्यक्त गर्नुभयो ।

कानुन अध्येता विजयराम माकले विद्यालयले चौतर्फी विकासको लागि पठन संस्कृतिलाई उच्चतम प्राथमिकतामा राखी पुस्तकालय अभ्यासलाई प्रश्रय दिई मौलिक पहिरनलाई विकास गर्नुपर्ने विचार राख्नुभयो ।

विद्यालयको शैक्षिक प्रगतिको लागि वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्य, नवीन आविका प्रअ प्रकाश गोसाईं, शिक्षासेवी धर्मसुन्दर तुलाधर, कृष्णमान दिवाकर, कानुन अध्येता तुलसीनारायण दन्डेख्या, सत्यनारायण कासुलालगायतले आ-आफ्नो सुझाव दिनुभएको थियो ।

सभापतिको आसनबाट बोल्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान बिजुक्छेँले काम गर्दा आउने अवरोधलाई उत्प्रेरणा र ऊर्जाको रूपमा लिनुपर्ने कुरामा जोड दिँदै कुनै पनि संस्थाको विकासको लागि नियमितभन्दा थप समय खटेर काम गर्नुपर्ने विचार राख्नुभयो ।

उक्त कार्यक्रममा विद्यालयका प्रअ न्हुछेबहादुर खाताखोले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने सञ्चालन शिक्षक उद्धव दाहालले गर्नुभएको थियो ।

***लेबनानमा...***

इरानले आफ्नो रोक्का सम्पत्तिको आधिकारिक तथ्याङ्क खुलासा गरेको छैन, तर मिडिया रिपोर्टहरूले इरानको रोक्का रकम १०० अर्ब डलरभन्दा बढी रहेको अनुमान गरेका छन्, जसमध्ये धेरैजसो सन् १९७९ को इस्लामिक क्रान्तिपछि रोक्का गरिएको थियो । इस्लामिक क्रान्तिले अमेरिका समर्थित तत्कालीन शासक अल रेजा पहलवीलाई सत्ताबाट हटाएको थियो ।

बघाईका अनुसार, इरानी प्रतिनिधिमण्डलले पाकिस्तान र कतार मध्यस्थकर्ताको रूपमा रहेको 'चारपक्षीय बैठक' मा अमेरिकी प्रतिनिधिमण्डलसँग भेट्नेछ ।

***जाँचबुझ...***

लामो भिड जम्मा भएको थियो । करिब १३:०० बजे भिड कारागारको मेनगेटमा भेला हुन सुरू गरेका थिए । ३०००/४००० को सङ्ख्यामा जम्मा भएका भिडले "रवि लामिछानेलाई १० मिनेटभित्र बाहिर निकाल !" भनी तोडफोड, आगजनी र आक्रमणको चेतावनी दिइरहेका थिए ।

करिब १४:०० बजेतिर मेनगेट तोडेर भिड कारागार परिसरभित्र आए । सुरक्षाकर्मीले करिब १ घण्टासम्म सम्झाइबुझाइ र लाठीचार्ज गरी भिड सम्हालिरहेको थियो । त्यही क्रममा रवि लामिछाने 'भिडलाई सम्झाउँछु' भनी भिड भएको मेनगेटमा जानुभयो । भिडको हल्लाका कारण भिडले सुरक्षाकर्मीहरूलाई हम्मेहम्मे बनाएको थियो । त्यही भिडले करिब १५:०० बजेतिर रबि लामिछानेलाई कारागारबाट बाहिर लिएर गयो ।

भिडले हामीलाई 'हतियार फाल, चुस्ता खोलेर भाग' भन्दै थियो । २०८२ भदौ २४ गते कारागारमा १२८१ जना कैदीबन्दी थिए । भिडले कैदीबन्दीहरूलाई लगभग १५:५० देखि १६:१५ सम्म कारगारबाट बाहिर भगाएको थियो ।

## सङ्क्षिप्त समाचार

### हुम्लाको श्रीनगर आसपास केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौँ, ७ असार । हुम्ला जिल्लाको श्रीनगर आसपास केन्द्रविन्दु भएर भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार आइतबार दिउँसो २:३२ बजे हुम्लाको श्रीनगर क्षेत्रलाई केन्द्रविन्दु बनाएर चार दशमलव एक रेक्टरस्केलको भूकम्प गएको हो ।

भूकम्पको धक्का हुम्लासहित आसपासका जिल्लामा महसुस गरिएको जनाइएको छ । यसअघि गत जेठ २९ गते सङ्खुवासभाको च्याम्ताङ आसपास केन्द्रविन्दु भएर चार रेक्टरस्केलको भूकम्प गएको थियो । नेपाल हिमालय क्षेत्र भएकाले विभिन्न समयमा सानाठुला भूकम्प जाने गरेको केन्द्रले जनाएको छ । *(रासस)*

### प्रदेशस्तरीय हक्की प्रतियोगिता सम्पन्न

दमौली (तनहुँ), ७ असार । तनहुँ हक्की सङ्घको आयोजनामा शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा आयोजित प्रदेशस्तरीय महिला तथा पुरुष हक्की प्रतियोगिता सम्पन्न भएको छ ।

शनिबार सम्पन्न प्रतियोगितामा पुरुषतर्फ स्याङ्जा प्रथम भएको छ भने महिलातर्फको उपाधि तनहुँले उचालेको छ । प्रतियोगितामा प्रथम र द्वितीय स्थान हासिल गरेका टोलीले क्रमश: रु. सात र रु. पाँच हजार प्राप्त गरेका छन् । प्रतियोगितामा तनहुँ, कास्की, स्याङ्जा र पर्वत जिल्लाको सहभागी थिए । *(रासस)*

### नेपाली 'डायस्पोरा' लाई मातृभूमिमा लगानी गर्न आग्रह

वासिङ्टन डिसी, ७ असार । अमेरिकामा रहेका नेपालीलाई नेपालका तुलनात्मक लाभका क्षेत्रमा लगानी गरी प्रतिफल प्राप्त गर्न यहाँस्थित नेपाली दूतावासले आग्रह गरेको छ ।

'नेपाली डायस्पोरा र नेपालको समृद्धि, व्यापार, लगानी र नवप्रवर्तनमा चुनौती र अवसर' शीर्षकमा दूतावासले आइतबार यहाँ आयोजना गरेको छलफलमा कार्यवाहक राजदूत शरद्राज अरणले मातृभूमिको उन्नयनका निम्ति पुँजी परिचालन गर्न अनुरोध गर्नुभएको हो ।

विदेशमा रहेका नेपालीको ज्ञान, सीप र पुँजीलाई नेपालको विकासमा उपयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले गैरआवासीय नेपालीका लागि लगानीमैत्री वातावरण निर्माण गरिएकाले ढुक्क भएर नेपालमा लगानी गर्न आग्रह गर्नुभयो । सहभागीहरूले नेपालमा लगानीको सम्भावना, अवसर र चुनौतीबारे विस्तृत छलफल गरेका थिए ।

महँवाणिज्यदूत लक्ष्मण खनालले नेपालमा सूचना प्रविधि, पर्यटन र ऊर्जा क्षेत्रबाट उच्च प्रतिफल प्राप्त हुने जानकारी दिँदै प्रवासी नेपालीले ती क्षेत्रमा उपलब्ध लगानीका अवसर गुमाउन नहुनेमा जोड दिनुभयो ।

उद्यमी लोक तिवारीले अमेरिकामा विभिन्न पेशा र व्यवसायमा रहेका नेपालीले आफ्नो सीप र अनुभवलाई नेपालको विकासमा उपयोग गर्नपर्छ भन्दै नेपाललाई प्राप्त विप्रेषण उत्पादनशील क्षेत्रमा लगानी गर्न सुझाउनुभयो ।*(रासस)*

### डुबेर तीन जनाको मृत्यु

कर्णाली, ७ असार । सुर्खेतमा शनिबार डुबेर तीन जनाको ज्यान गएको छ । सुर्खेतस्थित जिल्ला प्रहरी कार्यालयका अनुसार वीरेन्द्रनगर नगरपालिका-१० की १४ वर्षीया सम्झना थापा र १२ वर्षीया कल्पना रावतको शनिबार साँझ टुनी खोलामा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको हो ।

यसैगरी, दैलेखको गुराँस गाउँपालिकाका १८ वर्षीय रमेश पुनको शनिबार नै दहतातलमा डुबेर मृत्यु भएको छ । *(रासस)*

### हास्य कलाकार शर्माको निधन

काठमाडौँ, ७ असार । हास्य कलाकार खेम शर्माको संयुक्त राज्य अमेरिकाको बाल्टिमोरमा निधन भएको छ ।

'चतुरेको दाउ पेच' नाटकबाट प्रसिद्धि कमाएका कलाकार शर्मा विगत सात वर्षदेखि अर्बुद रोगबाट पीडित हुनुहुन्थ्यो ।

यसैबिच, हास्य कलाकार शिवहरि पौडेल, चलचित्र समीक्षक प्रकाश सायमीलगायतले शर्माको निधनबाट नेपाली चलचित्र क्षेत्रका लागि अपुरणीय क्षति भएको उल्लेख गर्दै शोक प्रकट गर्नुभएको छ । *(रासस)*

### सवारी दुर्घटनामा २३ जना घाइते

बाजुरा, ७ असार । साँफे-मार्तडी राजमार्गअन्तर्गत बुढीगङ्गा नगरपालिका-१० रिठा बजार नजिक आइतबार बस दुर्घटना हुँदा २३ जना घाइते भएका छन् ।

महेन्द्रनगरबाट यात्री लिएर सुपप्र ०१ ००१ ख १३५५ नम्बरको बस ब्रेक फेल भएर बिच सडकमै पल्टिँदा उनीहरू घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक नरेशबहादुर शाहीले राससलाई जानकारी दिनुभयो ।

दुर्घटनाको खबर प्राप्त हुना साथ प्रहरी टोली उद्धारमा खटेको तथा सबै घाइतेलाई जिल्ला अस्पताल पुर्याइएको छ । घाइतेको अवस्था सामान्य छ । *(रासस)*



मकवानपुरस्थित हेटौँडा औद्यागिक क्षेत्रभित्र रहेको हेटौँडा कपडा उद्योगको भवन । हेटौँडा औद्योगिक क्षेत्रभित्र विसं २०३२ सालमा स्थापना भएर २०३५ बाट सञ्चालित हेटौँडा कपडा उद्योग विसं २०५७ देखि बन्द भएको थियो । यस उद्योगलाई सरकारले पुन: सञ्चालनमा ल्याउने तयारी गरेको छ ।
*तस्बिर: वासुदेव पौडेल/रासस*

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम किसानलाई प्रविधिसँगै जोड्दै

अत्तरिया (कैलाली), ७ असार । कैलालीमा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले किसानलाई नयाँ प्रविधिसँगै जोडेको छ ।

जिल्लामा सञ्चालित 'गहुँ सुपरजोन', 'तेलहन जोन', 'धान जोन' र 'माछा जोन' कार्यक्रममा विभिन्न आधुनिक यन्त्र उपकरणमार्फत किसानलाई नयाँ प्रविधिसँगै जोड्दै लगेको हो ।

परम्परागत खेतीलाई व्यावसायिक र यन्त्रमैत्री बनाउन चालु आवमा अनुदानमा विभिन्न किसिमका आधुनिक कृषि औजार कृषकहरूलाई वितरण गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख सन्जु उपाध्याय रिमालले जानकारी दिनुभयो ।

जानकी गाउँपालिका-४ मुनुवास्थित विज वृद्धि कृषि सहकारी संस्था लिमिटेडलाई ७५ प्रतिशत अनुदानमा चार पाङ्ग्रे धान रोप्ने यन्त्र प्रदान गरिएको जानकारी दिनुभयो । उक्त यन्त्रबाट १२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सुरु भएको छ । धान रोप्ने यन्त्रले रोपाइँमा धेरै सहज हुन थालेको उक्त सहकारी संस्थाका अध्यक्ष विजयकुमार कठरियाले बताउनुभयो । उहाँले भन्नुभयो, " धान रोप्ने कामदार पाउन समस्या छ । रोपाहारले धान रोप्दा महँगो पर्छ, समय पनि बढी लाग्छ । यन्त्रले काम छिटो हुन्छ, लागत पनि कम लाग्छ ।"

त्यसैगरी, भजनी नगरपालिका-६ नवलपुरस्थित शुभकामना सामुदायिक कृषक समूहलाई चक्लाबन्दीमा चैतेधान कार्यक्रममा कृषि यान्त्रीकरणअन्तर्गत ५० प्रतिशत अनुदानमा तीन वटा पावर टिलर, आठ ओटा सिँचाइ मोटर, तीन वटा डिजल इन्जिन, एउटा रोटाभेटर, विषादी, डेलिभरी पाइपलगायतका सामान वितरण गरिएको कार्यालय प्रमुख रिमालले जानकारी दिनुभयो ।

मासु निर्यातका लागि राँगा/भैँसी प्रवर्द्धन कार्यक्रम, युवा लक्षित पशुपन्छी तथा उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत विभिन्न क्रियाकलाप गरिएको पनि बताउनुभयो । एकाइको अनुदान सहयोगमा जिल्लामा भएका विभिन्न कार्यक्रमहरूको शनिबार जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीकाकुमारी चौधरीको नेतृत्वमा सरोकार भएका अन्तरनिकाय संयुक्त अनुगमन टोलीले अनुगमन गरेको थियो ।

अनुगमनपछि प्रतिक्रिया दिँदै समन्वय समिति प्रमुख चौधरीले राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले समयानुकुल यन्त्र औजार वितरण गरेर किसानलाई सहज बनाएको बताउनुभयो ।

जिल्लामा गहुँ सुपरजोन आर्थिक वर्ष २०७३/७४, तेलहन जोन आव २०७४/७५, धान जोन आव २०७८/७९ र माछा जोन आव २०८१/८२ मा सुरु भएको थियो । एकाइले किसानलाई ५० प्रतिशत अनुदानमा बीउ, विषादी, यन्त्र उपकरणलगायत सामग्री वितरण गर्दै आएको छ । *(रासस)*

# पोखरा बसपार्कभित्रका ३२० सटर हटाइयो

कास्की, ७ असार । पोखराको पृथ्वीचोकस्थित प्रस्तावित बसपार्कको जग्गामा अनधिकृत रूपमा बनाइएको बाँस्तोला कम्प्लेक्सका ३२० सटरलगायत संरचना महानगरले शनिबार डोजर प्रयोग गरी हटाएको छ ।

पोखरा बसपार्क निर्माणको अभियानमा रहेको महानगरपालिकाले पृथ्वीचोकस्थित सेती नदीपट्टिको बाँस्तोला कम्प्लेक्स हटाएको हो । महानगरपालिका र जग्गाधनीका बिचमा संरचना हटाउने सहमतिअनुसार व्यवसायीले सटर खाली गरेका थिए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कम्प्लेक्सका सञ्चालक र त्यहाँ व्यवसाय गरेर बसिरहेका व्यवसायीसँग निरन्तर छलफल तथा संवादपछि खाली गर्ने सहमति भएको बताउनुभयो । उहाँका अनुसार बसपार्क निर्माण गर्ने अभियानमा सहयोग गर्ने समझदारीका साथ कम्प्लेक्स पूर्ण रूपमा हटाइएको हो ।

"हामीले जग्गाधनीसँग सहमति गरेका थियौँ । सोहीअनुसार खाली गरिएको हो । सुकुम्बासी बस्तीमा भने व्यवस्थापन नगरी हटाउने छैनौँ", उहाँले भन्नुभयो । महानगरले यसअघि असार ४ गते बसपार्क प्रवेशद्धारमा रहेका सटरमा डोजर चलाएको थियो ।

महानगरपालिकाले खाली गरेको बास्तोला कम्प्लेक्सको जग्गा व्यक्तिका नाममा दर्ता भएको पाइएको छ । विसं २०३० मा बसपार्कका लागि अधिग्रहण गरिएको भए पनि पछि पोखरा उपत्यका नगर विकास समितिले अधिग्रहित जग्गाभित्र सट्टाभर्ना तथा घडेरी वितरण गर्ने निर्णय गरेको थियो ।

महानगरले पछिल्लो समय जग्गा सट्टाभर्नाको निर्णयलगायतका विषयमा छानबिनका लागि पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक समितिसमेत गठन गरेको छ । सो समितिको प्रतिवेदन अझै पेस हुनसकेको छैन । महानगर प्रमुख आचार्यले लालपुर्जा भएका जग्गाधनीको छानबिन पनि द्रुतगतिमा भइरहेकाले केही दिनमै वास्तविकता सार्वजनिक हुने बताउनुभयो ।

पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बसपार्कको सम्पूर्ण जग्गा खाली गरिने बताउनुभयो । उहाँले बसपार्कको जग्गा अतिक्रमण गरी बसेका सुकुम्बासीलाई वैकल्पिक व्यवस्थापनको काम पनि अघि बढाइएको बताउनुभयो । महानगरले यही असार ४ गतेदेखि बसपार्कका संरचना हटाउन सुरु गरेको हो ।

"बसपार्कको ठुलो क्षेत्रभित्र बसेका वास्तविक सुकुम्बासीको अन्यत्र व्यवस्थापन गरेरमात्र सो क्षेत्रमा डोजर चल्छ । अहिले सुकुम्बासीको अन्यत्र जग्गा भए/नभएको बारेमा छानबिन भइरहेको छ", वडाध्यक्ष मर्सानीले भन्नुभयो ।

महानगरले सुकुम्बासी बस्तीका ५७२ परिवारमध्ये हालसम्म ३३७ परिवारको 'डकुमेन्ट भेरिफिकेसन' सम्पन्न भएको र बाँकीको समेत छिट्टै सकिने जनाएको छ । महानगर प्रमुख आचार्यले केही सुकुम्बासीले तीनपुस्ते सही विवरण नदिएको तथा झुटा विवरणसमेत दिएको पाइएको बताउँदै छानबिनका लागि समय लागेको बताउनुभयो । *(रासस)*

# जुम्लामा तीन हजार ६७१ मेट्रिक टन सिमी उत्पादन

जुम्ला, ७ असार । जुम्लामा एक वर्षमा तीन हजार ६७१ मेट्रिकटन सिमी उत्पादन भएको छ । कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लाबाट उक्त परिमाणको सिमी बिक्रीबाट रु. एक करोड ३३ लाख ९२ हजार आम्दानी भएको बताउनुभयो ।

जिल्लाभर दुई हजार २५७ हेक्टर क्षेत्रफलमा सिमी उत्पादन हुने गरेको छ । पछिल्लो समयमा सिमीको माग बजारमा अत्यधिक आउने गरेसँगै जुम्लाका किसान सिमीखेतीतर्फ आकर्षण बढ्दै गएको कृषि विकास कार्यालय प्रमुख अधिकारीको भनाइ छ ।

सिमी किसानका लागि महत्त्वपूर्ण नगदेबालीका रूपमा स्थापित हुँदै गएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो ।

तिला गाउँपालिका, तातोपानी, चन्दननाथ, कनकासुन्दरी, पातारासी, हिमा, तातोपानी र गुठीचौर क्षेत्रका किसानले सिमीखेतीबाट राम्रो आम्दानी गरेका छन् । सिमी उत्पादनको अवस्था राम्रो भए पनि बजार व्यवस्थापन र मूल्य निर्धारणमा एकरूपता नहुँदा किसानलाई समस्या भएको तिला गाउँपालिका-१ किसान करन बुढाले बताउनुभयो ।

जिल्लाको सबैभन्दा बढी सिमी उत्पादनको केन्द्रका रूपमा चिनिने गरेको तिलाको रारागाउँका किसानले गत वर्षमा किसानले न्यूनतम तीन क्विन्टलदेखि १२ क्विन्टलसम्म सिमी उत्पादन गरेको वडा सदस्य बिजकली बुढाले जानकारी दिनुभयो ।

सिमीको पकेट क्षेत्र भनेर राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ जुम्लाले तिला-१ रारालाई सिमी जोन कार्यक्रम लागू गरेको छ ।

उक्त पालिको वडा नं १ सहित २, ८ र ९ वडाको आठ सय क्षेत्रफल हेक्टरमा सिमीको व्यावसायिक उत्पादन तथा प्रशोधन केन्द्रको विकास गर्न सिमी जोन कार्यक्रम सञ्चालन गरिएको जिल्लास्थित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख खेमराज शाहीले बताउनुभयो ।

सिमीले उचित मूल्य नपाएपछि स्थानीय व्यापारीमार्फत प्रतिकेजीको १५० मा बिक्री गर्न बाध्य भएको तिलाका किसान बताउँछन् । किसानलाई उन्नत बीउ, प्राविधिक सहयोग तथा व्यावसायिक खेतीसम्बन्धी तालिम प्रदान गर्दै आएको कृषि विकास कार्यालय जनाएको छ । *(रासस)*

**। सम्पादकीय ।**

# नपाको नीति तथा कार्यक्रम कार्यान्वयन होस्

भक्तपुर नगरपालिकाको नगर सभा आइतबारदेखि सुरू भएको छ। नगर सभाका अध्यक्ष सुनिल प्रजापतिले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरे। नीति तथा कार्यक्रमकै आधारमा आगामी आर्थिक वर्षको अनुमानित आय-व्यय प्रस्तुत हुनेछ। विश्व सम्पदा सूचीमा परेको स्मारक स्थल या जीवित सङ्ग्रहालको रूपमा रहेको सम्पदा संरक्षण स्थल भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम यो वर्षको कार्य योजनाको एक खाका हो। यो वार्षिक कार्य योजना हो। कार्य योजना वर्षभरिमा गरिने कार्य योजनाको बाँडफाँड हो। नीति तथा कार्यक्रम लागू गर्ने जिम्मेवारी भक्तपुर नगरपालिकाको हो; लागू गर्ने काम नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूको हो। यसलाई स्थानीय जनताले साथ र समर्थन गर्ने हो। अत: नपाको नीति तथा कार्यक्रम लागू गर्न र गराउन जनताले बेलाबखत घच्घच्याउनुपर्छ।

भक्तपुर नगरपालिका आर्थिक हिसाब किताब पारदर्शी हुने नगरपालिका हो। जनप्रतिनिधिहरू घुस खाँदैनन्। उनीहरू आफै भ्रष्टाचारविरोधी हुन्। भक्तपुर भ्रष्टाचारको विरोधमा सङ्घर्ष गरिने थलो हो; । सम्पदा संरक्षित भएको यो नगरपालिका सफा सुग्घर भएको सहरमध्ये एक हो। शिक्षा र स्वास्थ्यमा उदाहरणीय काम गर्न सफल भएको नगरपालिका हो भक्तपुर। यहाँको मौलिक सम्पदा संरक्षण गर्न यहाँका जनता लालायित हुन्छन्; यहाँ श्रमदानमात्र होइन आर्थिक सहयोग पनि हुन्छ। यसरी जनताको काममा, विकासमा जनतासँग मिलेर काम गर्ने थलो भक्तपुर नगर हो।

ट्रान्सपरेन्सी इन्टरनेसनलले भक्तपुर नगरलाई 'पारदर्शिताको टापु' नामकरण गरेको थियो। देशकै सफा नगरमध्ये एक घोषणा भएको नगर हो। नगरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने नपाको ध्येय रहेको छ। नगरलाई जीवित सङ्ग्रहालयको रूपमा कायम गर्न सांस्कृतिक नगर बनाउन नपाका जनप्रतिनिधिहरू जोड दिँदै छन्। भक्तपुरलाई सांस्कृतिक नगर, सभ्य र सुसंस्कृत नगरमात्र होइन अध्ययन अनुसन्धानको केन्द्र बनाउन नै नपाले मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय स्थापना गर्ने प्रस्ताव अघि सारेको हो। नपाको त्यो प्रस्ताव अहिलेसम्म पारित भएको छैन। तर, नपा ख्वप विश्वविद्यालय खोल्न निरन्तर लागिपरेको छ। भक्तपुरका जनता ख्वप विश्वविद्यालय स्थापना हुनेमा विश्वस्त छन्।

भनपाले सफा र स्वच्छ नगर बनाउन सफाइ अभियान थालनी गरेको थियो। सुरूको सफाइ अभियानमा नगर प्रमुख, जनप्रतिनिधि, चिकित्सक, शिक्षक, कर्मचारी, बुद्धिजीवी, व्यवसायी, राजनीतिक कार्यकर्ता, सामाजिक कार्यकर्ता, इन्जिनियर, कलाकार, साहित्यकार तथा सर्वसाधारण जनताको उल्लेख्य उपस्थिति थियो। अहिले पनि दैनिक सफाइबाहेक महिनाको दुई पटक विशेष स्थानमा सरसफाइ हुँदै आएको छ। नपाले सफाइ अभियान सञ्चालन समाजका विभिन्न सामाजिक सङ्घ संस्था, विद्यालय, कलेज, महिला समूह, स्काउट, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय जनतालाई परिचालन गरेर समाजमा भिज्नुपर्ने, समाजको दायित्व पूरा गर्नुपर्ने जिम्मेवारी बोध गराएको देखिन्छ।

सांस्कृतिक गुरूहरूको सम्मान, नाचगानको परिचालन, वाद्यवादन प्रतियोगिता, स्कूलव्यापी र नगरव्यापी खेलकुद प्रतियोगिता, भक्तपुर महोत्सव, पोखरी र बहाबहीको पदयात्राले भक्तपुरलाई जहिल्यै क्रियाशील या जीवन्त बनाउने काममा भनपा लागिपरेको छ। राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र विषय लिई अध्ययन गर्ने विद्यार्थीलाई उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने नपाको अगुवाइमा सञ्चालन भइरहेको विद्यालय, कलेज सञ्चालनले भक्तपुर शिक्षाको केन्द्र बन्दै छ। नगरलाई बुद्धिजीवीकरण गर्न र अन्य जिल्लाका विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै नपाले सिङ्गो देशको सेवामा प्रत्यक्ष र अप्रत्यक्षरूपमा सघाइरहेको छ। यही कारण अन्य नपा र गाउँपालिकाका जनप्रतिनिधिहरू मात्र होइनन्, नपा र गापाका कर्मचारी, प्रशासकीय अधिकृत, सांसद र मन्त्रीहरू अन्य राजनीतिक दलका नेताहरू पनि नेमकिपाको गुणगान गर्छन्। उनीहरू सबै राजनीतिक दलले नेमकिपाले जस्तै काम गरेको भए देश धेरै अघि बढ्ने या विकास हुने विचार राख्छन्।

## सन्दर्भ : का. शोभा प्रधानको चौथो वार्षिक स्मृति दिवस

# कामरेड शोभा प्रधानको सङ्क्षिप्त परिचय

समय एकनास बग्दो हो त शोभा प्रधान (बिजुक्छेँ) कक्षा कोठामा विद्यार्थीलाई मायाले ज्ञानका अनेकन कुरा सिकाउँदै हुनुहुने थियो। घरमा आएका पाहुनालाई हँसिलो स्वागतसहित चिया पस्कँदै हुनुहुने थियो। सामाजिक तथा राजनीतिक गतिविधिमा सक्रिय महिलाहरूको बैठकमा सहभागी हुनुहुने थियो। बैठक कक्षमा पत्रिका वा पुस्तक गहिरिएर पढ्दै गर्नुहुने थियो। राजनीतिक सभा सम्मेलनमा व्यस्त श्रीमान्को खानपिन र सहजताको निम्ति केही न केही गरिरहनुहुने थियो। तोते बोली बोल्न थालेकी नातिनीलाई माम खुवाउन फकाउँदै हुनुहुने थियो। तर, सबै उस्तै गतिमा नबहनु नै समयको चरित्र हो।

लामो समयदेखि क्यान्सर रोगबाट पीडित शोभा प्रधानको २०७९ असार ८ गते बुधबार अपराह्न ३:४५ मा ललितपुर, हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा निधन भयो। उहाँको असामयिक निधनले परिवारजनलाई मात्र शोकमा डुबाएन, हामी सबै असङ्ख्य जनतालाई आँसुमा डुबायो। धेरैले अथक महिला कार्यकर्ता, असल शिक्षिका, मृदुभाषी र सहयोगी व्यक्ति गुमाएको अनुभव गरे।

नाता सम्बन्धले नेपाल कम्युनिस्ट आन्दोलनका वरिष्ठ नेता नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँकी जीवनसङ्गिनी शोभा प्रधान जीवनका झन्डै चार दशक नेमकिपाका विभिन्न जनवर्गीय सङ्गठनमा आबद्ध रही पार्टी गतिविधिमा सक्रिय रहनुभयो। पार्टी गतिविधि र सक्रिय राजनीतिको व्यस्तताले निजी जीवनमा कमैमात्र समय दिन भ्याउनुहुने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको घर परिवार, सामाजिक जिम्मेवारी र आर्थिक बन्दोबस्त सम्हालेर उहाँले अध्यक्ष बिजुक्छेँलाई देश र जनताको सेवामा समर्पित भएर लाग्न अथक मद्दत गर्नुभयो।

शोभा प्रधानको जन्म २०१७ साल पुस १४ गते बुधबारको दिन रामेछाप जिल्लाको ठोसेमा भएको थियो। पिता श्यामलाल प्रधान र माता नारायणदेवी प्रधानका पाँच छोरी र एक छोरामध्ये सबभन्दा जेठी शोभा प्रधानको बाल्यकाल रामेछापमै व्यतीत भयो। पिता श्यामलाल प्रधान पेसाले शिक्षक हुनुभएकोले उहाँको परिवारका सबै सन्तानको शिक्षादीक्षा राम्रो भयो। शोभा प्रधान २०३५ साल भदौ २० गते आफूले शिक्षारम्भ गरेको शारदा प्रावि रामेछाप, ठोसेमै प्राथमिक शिक्षक पदमा अस्थायी नियुक्ति पाई शिक्षण पेसामा प्रवेश गर्नुभयो। २०३६ साल पुस ४ गते प्राथमिक शिक्षक पदमा स्थायी हुनुभयो।

शोभा प्रधानसँग विवाह हुनुभन्दा धेरै अगाडि नै नारायणमान बिजुक्छेँ राजनीतिक गतिविधिमा सक्रिय हुनुहुन्थ्यो। उहाँले नेपालमा ५ वर्ष भूमिगत र भारतमा दस वर्ष प्रवास जीवन बिताइसक्नुभएको थियो। एक दशकभन्दा लामो समय भारतमा प्रवास जीवन बिताउनुभएका बिजुक्छेँ नेपालमा २०३६ सालमा फर्किनुभयो। वि.सं. २०३९ मा शोभा प्रधानसँग उहाँको भेट भयो। त्यही भेट २०४० मङ्सिर ११ गते वैवाहिक सम्बन्धमा परिणत भयो। क्रान्तिकारी राजनीतिक गतिविधिमा लाग्नुभएका अध्यक्ष बिजुक्छेँको जीवन सङ्घर्षपूर्ण हुने थाहा भएर पनि उहाँको व्यक्तित्वबाट प्रभावित शोभाले व्यापक जनताको हित हुने उहाँको राजनीतिक यात्राको सहयात्री बन्ने लक्ष्यसहित वैवाहिक सम्बन्धमा गाँसिने निर्णय गर्नुभयो। राजनीति गुलाफको ओछ्यान होइन, काँडैकाँडाले भरिएको बाटो हो भन्ने थाहा भएर पनि बिजुक्छेँकी जीवनसाथी बन्ने शोभा प्रधानको निर्णय देश र जनताको सेवामा आफ्नो तर्फबाट पनि केही योगदान गर्ने उद्देश्यबाट अभिप्रेरित थियो।

नारायणमान बिजुक्छेँ र शोभा प्रधानबिच वैवाहिक सम्बन्ध गाँसिएको केही वर्षमै तत्कालीन पञ्चायती व्यवस्थाले नेपाल मजदुर किसान सङ्गठनलाई समुल नष्ट गर्ने बदनियतसहित २०४५ साल भदौ ९ गते भक्तपुर काण्ड रच्यो। नेमकिपाका अध्यक्ष बिजुक्छेँलगायत सयौँ नेता कार्यकर्ता पक्राउमा परे। सयौँ नेता कार्यकर्ता भूमिगत हुन बाध्य भए। पञ्चायती व्यवस्था आफैले पूर्वराष्ट्रिय पञ्चायत सदस्यको हत्या गरी कुनियतवश नेमकिपाका नेता कार्यकर्तामाथि दोष थोपरेर पञ्चायती व्यवस्थाभित्र पसेर पञ्चायतकै जरा काट्ने राजनीति गरिरहेको नेमकिपालाई समाप्त गर्न खोज्यो। अध्यक्ष बिजुक्छेँ पक्राउ पर्दा शोभाको काखमा चार वर्षको छोरा सुवेग र कोखमा छोरा सुवान थिए। पक्राउ परेको चार महिनापछि छोरा सुवानको जन्म भयो।

त्यसबखत शोभा प्रधानले नेमकिपाका सम्पूर्ण कार्यकर्ता चिनिसक्नुभएको थिएन। भूमिगत सङ्गठन संरचनाका कारण त्यो सम्भव पनि थिएन। त्यतिबेला श्रीमान् झूटो आरोपमा पक्राउ र देवरहरू पनि सबै भूमिगत हुनुपरेको थियो। ज्येष्ठ सासूआमा र अबोध छोरासहित गर्भवती शोभा प्रधानले भोग्नुपरेको त्यतिबेलाको परिस्थिति त्यसै पनि कठिन थियो। त्यसमाथि त्यतिबेलाका प्रतिक्रियावादीहरूले शोभा प्रधानलगायत नेमकिपाका नेता, कार्यकर्ता र समर्थकका जहान परिवारलाई दिएको मानसिक यातना देखिने घाउभन्दा बढी पीडादायी थियो। दिनरात कुनै पनि बेला हुने खानतलासी, बाटोमा हिँड्दा ज्यानमाराकी श्रीमतीजस्ता कटुवचन उहाँको निम्ति सह्य हुने कुरै



थिएन। भक्तपुर काण्डको प्रतिकूल समयको स्मरण गर्दै उहाँले लेख्नुभएको छ, "म बाटोमा हिँडिरहेकी हुन्थेँ। तीनचार जनाको समूह कराइरहेको सुनियो, ऊ हत्याराकी स्वास्नी ! मेरो जीवनका अतिशय पीडादायी लाञ्छनाका ती संवाद कहिल्यै बिर्सन्नँ। किनभने, हत्यारा त पञ्चायती सरकार थियो।"

वास्तवमा शोभा प्रधानलाई त्यतिबेलासम्म राजनीतिका धेरै कुरा थाहा थिएन। औपचारिकरूपमा उहाँ कुनै सङ्गठनमा आबद्ध पनि भइसक्नुभएको थिएन। उहाँको भूमिका विशेषत: ममतामयी आमा, कर्तव्यपरायण बुहारी, जिम्मेवार श्रीमती र असल शिक्षिकामा सीमित थियो। तर, कुटिल राजनीतिको कारण उहाँको जीवनमा अनपेक्षितरूपमा ठुलो सङ्कट आइलाग्यो। प्रतिक्रियावादीहरूका हजार थरी बात, दमनकारी राज्यको चौबीसै घण्टा सन्त्रास, एक्लोपनाबिच पनि उहाँले हिम्मत नहारी अध्यक्ष बिजुक्छेँलगायत निर्दोष नेता कार्यकर्तामाथि लागेको झूटो मुद्दाको विरोधमा कानुनी तथा राजनीतिक सङ्घर्ष गर्ने सङ्कल्प गर्नुभयो। नेमकिपाका निर्दोष नेता कार्यकर्तालाई पञ्चायती व्यवस्थाले दिएको सजायको विरोधमा उभिएका वकिल, पत्रकार र राजनीतिक नेताहरूको साथमा शोभा प्रधानसहित पीडित महिलाहरूले पञ्चायती व्यवस्थालाई हाँक दिए। शोभाको निम्ति त्यतिबेलाको सङ्घर्ष परिवारलाई न्याय दिने सङ्घर्षमात्र बनेन, बरू राजनीतिक र कानुनी चेतना पाउने राम्रो विद्यालय सिद्ध भयो। पत्रकार, वकिल र राजनीतिक कार्यकर्ताहरूको सङ्गत र साथ उहाँको निम्ति समयान्तरमा राजनीतिक गतिविधिमा सक्रिय हुने र आफूजस्तै राजनीतिक नेता कार्यकर्ताका जहान परिवारको निम्ति प्रोत्साहन बन्ने हौसला बन्यो।

विवाह भएको केही वर्षमै शोभाले सामना गर्नुपरेको प्रतिकूल परिस्थितिबाट निराशा नआओस् भनेर नख्खु जेलबाट अध्यक्ष नारायणमान बिजुक्छेँले शोभाको नाममा नियमित पत्र लेख्नुभयो। ती पत्रहरूको सङ्कलन नै २०६९ भदौमा 'जेलका चिट्ठीहरू' नाममा पुस्तकाकारमा प्रकाशित भयो।

शोभा प्रधान २०४० साल फागुन १९ गते रामेछाप, ठोसेको शारदा प्राविबाट वागीश्वरी मावि भक्तपुरमा सरुवा हुनुभयो। मृदुभाषी, धैर्यवान् एवम् साहसी असल शिक्षिका प्रधानले निम्न माध्यमिक तहसम्म नेपाली विषय अध्यापन गर्नुहुन्थ्यो।

पेसाप्रति प्रतिबद्ध एक समर्पित शिक्षिका शोभा प्रधानको सक्रियतामा वागीश्वरी माविले शैक्षिक क्षेत्रमा प्रगति गरेको कुरा स्मरणयोग्य छ। उहाँ धेरै विद्यार्थी र सहपाठीका प्रिय शिक्षिका पनि हुनुहुन्थ्यो।

२०४७ सालमा बहुदलीय व्यवस्था स्थापना भएपछि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँसहित नेता कार्यकर्ता रिहा हुनुभयो। रिहाइपछि उहाँ राजनीतिक गतिविधिमा थप सक्रिय हुनुभयो। २०४७ सालपछि भने शोभा आफै पनि नेमकिपाका जनवर्गीय सङ्गठन नेपाल क्रान्तिकारी महिला सङ्घ र नेपाल क्रान्तिकारी शिक्षक सङ्घमा आबद्ध भई विभिन्न जिम्मेवारीमा सक्रिय हुनुभयो।

शिक्षिका शोभा प्रधान २०५४ सालदेखि २०६५ सालसम्म नेक्राशिसङ्घ भक्तपुर जिल्ला समितिका सदस्य र २०६५ साल माघ (१४-१५) को प्रथम राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य हुनुभयो। २०७० चैत २४-२५ गते सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनमा अध्यक्ष मण्डलको सदस्य भई सम्मेलन सफल पार्न उहाँले योगदान पुऱ्याउनुभयो। उहाँ पुन: केन्द्रीय सदस्यमा सर्वसम्मतले चयन हुनुभयो। २०७५ कार्तिक १७-१९ गते सम्पन्न तेस्रो राष्ट्रिय सम्मेलनले उहाँलाई पुन: केन्द्रीय सदस्यमा सर्वसम्मतले चयन गऱ्यो।

शिक्षकहरूको हकहितको लागि भएका गतिविधिहरूमा सक्रिय हुनुभएका शिक्षिका शोभा प्रधान शिक्षक आन्दोलनको समयमा २०६० साल पुसमा काठमाडौँको भोटाहिटीमा पक्राउ पर्नुभयो। सशस्त्र प्रहरीको हलचोकमा राखिएका शिक्षकहरूलाई उत्साहित गर्न उहाँले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। उहाँले 'शिक्षक' र 'शिक्षिका' बुलेटिन प्रकाशन गर्ने काममा महत्त्वपूर्ण भूमिका खेल्नुका साथै 'केटीहरू' बुलेटिन प्रकाशनमा पनि जिम्मेवारी पूरा गर्नुभयो।

प्रकाशित बुलेटिनहरूको अन्तरक्रिया, छलफल र बैठकहरूमा सहभागी भई आयोजकको भूमिकासमेत निर्वाह गर्नुभएका शिक्षिका शोभा प्रधानले अस्थायी शिक्षक, विद्यालय कर्मचारी, राहत शिक्षक आदिको पक्षमा भएका आन्दोलनमा सङ्गठनले दिएको जिम्मेवारी पूरा गर्नुभयो। उहाँको अनिवार्य अवकास २०७७ साल पुस १३ गते भएको थियो। उहाँले २०७७ फागुन १२ गते भएको बिदाइ कार्यक्रममा रु. २ लाख प्रदान गरी शिक्षक कर्मचारी स्वास्थ्योपचार कोष निर्माण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो।

राजनीतिकरूपमा सचेत र सक्रिय हुन नपाउँदै २०४५ सालको काण्डमा भोग्नुपरेको समस्याबाट पाठ सिकेर शोभा प्रधान नेपाल क्रान्तिकारी महिला सङ्घमा आबद्ध हुनुभयो र कामदार महिलालाई राजनीतिकरूपमा सचेत र सङ्गठित बनाउने अभियानमा जुट्नुभयो। २०५३ सालबाट पुन: प्रकाशन हुन थालेको 'केटीहरू' नामको महिला बुलेटिन प्रकाशनको उहाँ सल्लाहकार हुनुहुन्थ्यो। 'केटीहरू' बुलेटिनमा उहाँले महिला अधिकार, महिला स्वास्थ्य, सम्पत्ति आदि विभिन्न विषयमा नियमित कलम चलाउनुभयो। २०६३ सालको चैतमा भएको नेपाल क्रान्तिकारी महिला सङ्घको प्रथम राष्ट्रिय सम्मेलनपछिको पहिलो बैठकमा शोभा प्रधानलाई कोषाध्यक्ष पदको जिम्मेवारी दिइयो।

२०५६ सालमा उहाँ स्तन क्यान्सरले बिरामी पर्नुभयो। शल्यक्रियालगायत विभिन्न उपचार विधिबाट त्यतिबेला सो रोगबाट मुक्त हुनुभयो। आफूजस्तै देशका धेरै महिलाले क्यान्सरलगायत प्राणघातक रोगबाट पिरोलिएको बोध गरी उहाँ नेपाल क्रान्तिकारी महिला सङ्घले आयोजना गरेका महिला स्वास्थ्य शिविरहरूमा सक्रिय हुनुभयो। सो क्रममा आयोजित स्वास्थ्य शिविरमा झन्डै ७/८ हजार महिलाको पाठेघरको परीक्षण गरिएको थियो। नेक्रामसङ्घले देशका विभिन्न जिल्ला र सहरमा आयोजना गरेका विविध विषयका अन्तरक्रिया कार्यक्रममा उहाँ वक्ताको रूपमा सहभागी बन्नुका साथै देशभरका महिलाको अवस्था र समस्याबारे अध्ययन पनि गर्नुभयो। २०४५ साल भदौ ९ को भक्तपुर काण्डको भर्त्सना गर्न हरेक वर्ष आयोजना गरिने कार्यक्रममा उहाँ वक्ताको रूपमा सहभागी बनी देश र जनताको पक्षमा सक्रिय हुनु भई राजनीतिक पार्टीहरूविरुद्ध फेरिफेरि पनि भक्तपुर काण्ड हुनसक्ने भनी सजग बनाउनुभयो। प्रतिकूल स्वास्थ्यबिच पनि महिलाहरूका गतिविधिमा सहभागी बन्न उहाँलाई केहीले छेकेन।

२०५३ सालमा तत्कालीन लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारको गृहमन्त्री वामदेव गौतमले ल्याएको आतङ्कवाद नियन्त्रण (कालो) विधेयकको विरोधमा नेमकिपाले गरेको सङ्घर्षमा उहाँ पक्राउ पर्नुभयो। त्यस्तै, शिक्षकको हकहितको निम्ति भएका सङ्घर्षमा पटक-पटक पक्राउ पर्नुभयो।

उहाँका सहकर्मी महिला कार्यकर्ताहरू उहाँको धैर्य, हँसिलो मुहार, मिजासिलो व्यवहार स्मरण गर्छन्। परिवारका सबै साना-ठुला उमेरका सदस्य उहाँलाई स्नेही अभिभावकको रूपमा स्मरण गर्छन्। पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँका विभिन्न क्षेत्रका प्रबुद्ध मित्रहरू उहाँलाई कुशल व्यक्तिको रूपमा स्मरण गर्नुहुन्छ भने पार्टी कार्यकर्ताहरू अनुहार नियालेर नै भोकाएको, थाकेको ठम्याउन सक्ने पार्टी कार्यकर्तालाई माया गर्ने कामरेडको रूपमा स्मरण गर्छन्।

*बाँकी पृष्ठ ८ मा*

# भक्तपुर नगरपालिकाको २० औं नगरसभामा नगर प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम

नेपालको संविधान कार्यान्वयनमा आएपछि भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको चार वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश गर्दै छौँ। यो वर्ष हाम्रो कार्यकालको अन्तिम वर्ष हो। यो कार्यकालको अन्तिम बजेट पेस गर्ने अवसर पनि हो। २०७९ साल जेठ ६ गते दोस्रो कार्यकालका लागि सपथ ग्रहण गरेदेखि नै निरन्तर जनताको सेवामा समर्पित भएर काम गर्दै छौँ। शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, खानेपानीजस्ता जनताका आधारभूत आवश्यकताहरूलाई प्राथमिकतामा राख्दै निर्वाचन घोषणापत्रअनुसार काम गर्दै छौँ।

भक्तपुरलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन हाम्रा धेरै अग्रजहरूले दुःख गर्नुभयो। पञ्चायती व्यवस्थाको निरङ्कुश शासनकाल र त्यसपछिका अवधिमा धेरै राजनीतिक कार्यकर्ताहरूले कुनै पद र पैसाको लोभ नगरी आफ्नो जीवनको महत्त्वपूर्ण समय जेलको कठोर चौघेरामा बिताउनुभयो, प्रवास र भूमिगत भएर जनताको सुख दुःखमा साथ दिनुभयो र आजको गणतान्त्रिक व्यवस्था स्थापना गर्न योगदान गर्नुभयो। जनप्रतिनिधि भएर वा नभएर पनि भक्तपुरको गौरव बढाउने काममा महत्त्वपूर्ण योगदान गर्नुभएका ती तमाम अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौँ।

भक्तपुर राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चर्चामा रहँदै आएको छ। ई.ए. पावेलले सन् १९२९ मा आफ्नो पुस्तक 'द लास्ट होम अफ मिस्ट्री' मा भक्तपुर दरबार क्षेत्रको प्रशंसा गर्दै लेख्नुभएको थियो, "भक्तपुरको दरबार क्षेत्र अवलोकन गर्दा संसारको आधा भूगोल भ्रमण गरेसरह हुनेछ।" विद्वान् जगदीश शमशेर राणाले भक्तपुरलाई 'नाचगानको राजधानी' को उपमा दिनुभयो भने जर्मन वास्तुकलाविद् निल्स गुत्सोभले भक्तपुरलाई 'संसारकै ठुलो जीवित सङ्ग्रहालय' को संज्ञा दिनुभएको छ। मूर्त र अमूर्त सम्पदाहरूले भरिएको यस सांस्कृतिक नगरको नेतृत्वमा रहेर जनताको सेवा गर्न पाएकोमा हामी अत्यन्त खुसी छौँ।

भक्तपुर सम्पदा र सभ्यताको सहर हो र यहाँका सम्पदाहरू विश्व प्रसिद्ध छन्। ती सबैको संरक्षण र संवर्द्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नुलाई हामीले आफ्नो कर्तव्य र जिम्मेवारी ठानेका छौँ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' ले हामीलाई काम गर्न दिशानिर्देश गरिरहेको छ। नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात गर्दै हामी सम्पूर्ण जनप्रतिनिधिहरू भक्तपुरको विकासको निम्ति अगाडि बढ्दै छौँ।

नगरपालिकाका स्रोत र साधनहरू सीमित छन्। त्यसको आधारमा हाम्रा असीमित आवश्यकताहरू पूरा गर्नुपर्ने बाध्यता हामीसँग छ। भक्तपुर नगरपालिकाको आन्तरिक र बाह्य सीमित स्रोत र साधनहरूको आधारमा जनताको असीमित आवश्यकतालाई पूरा गर्नुपर्ने जिम्मेवारी पनि हामीसँग छ। प्राथमिकता क्रमको आधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै यो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छौँ :

**क) शिक्षा** :

१) नगरपालिकाले ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज अफ ल, ख्वप बहुप्राविधिक अध्ययन संस्थानलगायत सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। नगरपालिकाद्वारा सञ्चालित ती शैक्षिक संस्थाहरूमा समयको आवश्यकता र विद्यार्थीहरूको मागबमोजिम नयाँ नयाँ विषयहरू थप गर्दै लगिने छ।

२) विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, वातावरण र पर्यावरण, संस्कृति-सम्पदा संरक्षण, अर्थतन्त्र, स्वास्थ्यलगायतका विषयमा अध्ययन अनुसन्धान, प्रकाशन, नवप्रवर्तनसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिनेछ।

३) नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिकाको कार्यालय, वडा कार्यालय, कलेज, अस्पताल तथा नपाअन्तर्गतका संस्थाहरूमा इन्टर्नसीप र स्वयंसेवक भई कार्य गर्ने अवसर प्रदान गरिनेछ।

४) भक्तपुरको बौद्धिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि बौद्धिक सम्पत्तिसम्बन्धी कानुनी विश्लेषण, डिजिटल प्रवर्द्धन र रणनीतिक कार्य योजना बनाइनेछ।

५) भक्तपुर नगरपालिकामा आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाबारेमा अध्ययन तथा अनुसन्धान सुरु गरिनेछ।

६) भक्तपुर नगरपालिकाभित्र विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट प्रदान गरिँदै आएको अनुसन्धान वृत्तिलाई निरन्तरता दिइनेछ। राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधिसम्म छात्रवृत्ति प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ। यस वर्षदेखि अर्बान डिजाइन एन्ड कन्जरभेसन विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।

७) गरिब तथा जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ। खेलकुदका विभिन्न विधाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने खेलाडी विद्यार्थीहरूलाई नगरपालिकाद्वारा सञ्चालित माvi तथा कलेजहरूमा छात्रवृत्तिको व्यवस्था गरिनेछ।

८) शैक्षिक गुणस्तर वृद्धि गर्न हाजिरीजवाफ प्रतियोगिता, चित्रकला, वक्तृत्वकला, निबन्ध, वादविवादलगायतका अतिरिक्त गतिविधिहरू सञ्चालन गरिनेछ। विद्यालयहरूमा सांस्कृतिक र खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ।

९) नगरभित्रका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणमा सहयोग तथा विज्ञान, गणित तथा सामाजिक प्रयोगशालाहरू स्थापना गर्दै लगिनेछ।

१०) शिक्षकहरूको लागि विभिन्न विषयहरूमा आवश्यक तालिमको बन्दोबस्त गरिनेछ। विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या नपुगेका विद्यालयहरूका लागि अनुदानको व्यवस्था र सामुदायिक तथा संस्थागत विद्यालयहरूमध्ये एसईई परीक्षा नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीहरूलाई सम्मान गरिनेछ।

११) विद्यालय तहदेखि नै सीपमूलक तथा व्यवसायिक तालिमहरू प्रदान गरी शिक्षालाई उत्पादन श्रमसँग जोड्न पहल गरिनेछ। विद्यालयहरूमा सूचना प्रविधिको (ICT) विस्तार, एआई (AI) तालिम र विद्यालयलाई प्रविधिमैत्री बनाउन स्मार्टबोर्डहरूको व्यवस्था मिलाइनेछ।

१२) पठन संस्कृतिको विकास गर्ने उद्देश्यले वडा वडामा रहेका पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाइ केन्द्रहरूलाई आवश्यक सहयोगको व्यवस्था गरिनेछ।

१३) 'एक विद्यालय, एक सम्पदा सरसफाइ' कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४) हाल सञ्चालनमा रहेका वडा-वडाका शिशु स्याहार केन्द्रको स्तरोन्नति गरी वडा नं. १० मा निर्माणाधीन शिशुस्याहार केन्द्र सञ्चालनमा ल्याइनेछ।

१५) स्थानीय पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरूलाई तालिमसँगै आवश्यक शिक्षण सामग्रीहरू उपलब्ध गराइनेछ। नेपालभाषा र लिपि कक्षाको प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

१६) ख्वप मेडिकल कलेज सञ्चालनको लागि भनपा १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

१७) वडा-वडामा बालबालिकाका लागि गृहकार्य कक्षा सञ्चालनको लागि आवश्यक शिक्षकको व्यवस्था गरिनेछ र शैक्षिक ऋण रकमको सीमा वृद्धिका साथै सोमा लाग्ने ब्याजको प्रतिशतलाई समय सापेक्ष बनाइनेछ।

**ख) स्वास्थ्य** :

१८) ख्वप अस्पताललाई स्तरोन्नतिसँगै आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण गरी एम.आर.आई. सेवा, आई.सी.यू. सेवालगायत आधुनिक स्वास्थ्य उपचार सेवा सञ्चालनको तयारी गरिनेछ। साथै मृगौला रोगको उपचारका लागि डायलाइसीस सेवा विस्तारमा पहल गरिनेछ।

१९) भक्तपुरमा सञ्चालित सरकारी तथा निजी अस्पतालहरूसँग समन्वय र सहकार्य गरी भक्तपुर नपालाई स्वास्थ्य उपचार सेवाको गन्तव्य बनाउन पहल गरिनेछ।

२०) नगरवासीहरूमा बढ्दो रूपमा देखिएका चिनी रोग, उच्च रक्तचाप र कोलेस्ट्रोलजस्ता नसर्ने रोगहरूको अध्ययन अनुसन्धान गर्ने र 'घरदैलो नर्सिङ सेवा' लाई थप प्रभावकारी बनाइनेछ। नगरवासीहरूको स्वास्थ्य विवरण प्रोफाइल तयार गर्ने र क्यान्सर, मृगौला, नाक, कान, घाँटी र श्वासप्रश्वाससम्बन्धी नसर्ने रोगहरूको नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

२१) वडा-वडामा सञ्चालित स्वास्थ्य केन्द्रहरूलाई क्रमशः स्तरोन्नति गर्दै विशेषज्ञ उपचार सेवा विस्तार गर्दै लगिनेछ। भनपा-७ खँचामा आधारभूत स्वास्थ्य उपचार केन्द्र सञ्चालन गरिनेछ र नगरवासीहरूलाई रगत, अक्सिजन तथा शव वाहन सेवा, मनोपरामर्श सेवा निःशुल्क उपलब्ध गराइनेछ।

२२) नगरपालिकाको व्यवस्थापनमा सञ्चालित नागरिक आरोग्य केन्द्र, श्वास प्रश्वास पुनः स्थापना केन्द्रको सेवा विस्तार र नगरवासीहरूलाई स्वस्थ राख्न शारीरिक व्यायामशाला निर्माण गर्दै थप प्रभावकारी बनाउँदै लगिनेछ।

२३) ख्वप तिलगङ्गा आँखा अस्पतालको स्तरोन्नति गर्दै आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत आँखा उपचार सेवा विस्तार गरिनेछ।

२४) महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरू तथा फोहरमैला व्यवस्थापनमा लाग्ने कर्मचारीहरूलाई नियमित स्वास्थ्य परीक्षण तथा उपचार सेवाको प्रबन्ध मिलाइनेछ।

२५) नगरपालिकाद्वारा सञ्चालित अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज उपचार सेवाको व्यवस्था गरिनेछ।

**ग) सम्पदा र संस्कृति** :

२६) भक्तपुरलाई 'सांस्कृतिक नगर' घोषणा गर्न पहल गरिनेछ। दाफाभजन र परम्परागत बाजागाजाको बोल लिपिबद्ध गर्नुका साथै संस्कृतिको संरक्षण तथा अभिलेखीकरण गरिनेछ। परम्परागत बाजा तथा भजनको प्रतियोगिता एवम् प्रदर्शनीहरू गरेर सांस्कृतिक संरक्षणमा जोड दिइनेछ।

२७) परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक गतिविधिसँगै समय-समयमा नगरका विभिन्न ठाउँमा आलोपालो गरी मेला र उत्सवहरू सञ्चालन गरेर आर्थिक गतिविधि बढाइनेछ। भक्तपुरलाई जीवन्त सम्पदा सहरको रूपमा विकास गर्न बिहान र बेलुकीको समयमा सत्तल, पाटीपौवामा भजनलगायतका सांस्कृतिक गतिविधिहरू गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ।

२८) ऐतिहासिक थन्थु दरबार निर्माण सम्पन्न गरी सङ्ग्रहालयको रूपमा विकास गरिनेछ र परम्परागत शैलीमा निर्मित हाडा छेँको समुचित प्रयोगको नीति अवलम्बन गरिनेछ। खौमास्थित उमा महेश्वर, क्वाछेँको नारायण मन्दिर, चासुखेलको दही विनायक द्योछेँ र टौमढीको नवदुर्गा द्योछेँ पुनःनिर्माण प्रक्रिया अगाडि बढाइनेछ। ऐतिहासिक नवदुर्गा जात्रा सञ्चालनमा नगरपालिकाको तर्फबाट सहजीकरण गरिनेछ।

२९) परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई नगरपालिकाको तर्फबाट प्रोत्साहनस्वरूप दिँदै आएको अनुदानलाई निरन्तरता दिँदै ऐतिहासिक महत्त्वका निजी घर निर्माणमा सहजीकरण गरिनेछ।

३०) सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती तथा सीसी क्यामेराको व्यवस्था गरिनेछ।

३१) भक्तपुरमा पर्यटकहरूको बसाइँ लम्ब्याउने उद्देश्यले सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गरी नियमित सांस्कृतिक प्रदर्शनी थालनी गरिनेछ।

३२) टोल-टोलको मौलिक नामकरणका साथै मन्दिर, द्योछेँ, देवालय, शिवालय, बहाबही, चोक, ननी, पाटी, सत्तल, ढुङ्गेधारा, पोखरीलगायतका सम्पदाहरूको संरक्षण गरी डिजिटल अभिलेखीकरण गरिनेछ।

३३) भक्तपुरको पहिचानको रूपमा रहेका जुजु धौ, तका तपुली (भादगाउँले टोपी), कवाँचा प्याखँ, बिस्काको घातु म्ये र कसिमला पायुँ सूचीकरण प्रक्रियामा छन् भने यहाँका मूर्त र अमूर्त सम्पदाहरूको राष्ट्रिय सूचीकरणमा समावेश गर्न प्रक्रिया अगाडि बढाइनेछ। भक्तपुरका परम्परागत एवम् मौलिक उत्पादनहरूको प्रवर्द्धन गर्दै पर्यटन विकाससँग जोड्ने नीति अगाडि बढाइनेछ।

**घ) पर्यटन** :

३४) भक्तपुरलाई धार्मिक तथा सांस्कृतिक पर्यटनसमेतको आकर्षण केन्द्र बनाउन अल्पकालीन तथा दीर्घकालीन योजनाहरू निर्माण गर्न इतिहास र संस्कृतिका विज्ञहरू तथा सरोकारवाला समूहहरूको प्रतिनिधित्व गर्दै सम्भाव्यता अध्ययन समिति गठन गरिनेछ।

३५) भक्तपुरका चाडपर्वहरूको परिचयसहित सांस्कृतिक क्यालेन्डर निर्माण र सांस्कृतिक सम्पदा पदयात्रालगायत पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ।

३६) भक्तपुरको पर्यटन प्रवर्द्धनका लागि भक्तपुर पर्यटन विकास समिति, होटल एसोसियसन अफ भक्तपुर, ट्राभल एजेन्सी र डिजिटल विषयवस्तु सर्जक (कन्टेन्ट क्रियटर) हरूसँग समन्वय र सहकार्य गरिनेछ।

३७) नगरका मुख्य-मुख्य सम्पदा क्षेत्रहरू, गल्ली र चोकहरूमा समेत पर्यटन प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरिनेछ। होमस्टे, फेमिलिस्टे र पथप्रदर्शक तालिमहरू सञ्चालन गरिनेछ।

३८) आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि भाज्यापुखु, नपुखु, बाहारे पुखु (कमलविनायक पोखरी) लगायतका स्थानहरूमा नियमित रूपमा स्थानीय तथा घरेलु उत्पादन, सांस्कृतिक गतिविधिसहित मेला तथा उत्सवहरू सञ्चालन गरिनेछ। नःपुखुमा वाटर साइक्लिङ सञ्चालनमा ल्याइनेछ।

**ङ) खेलकुद** :

३९) शिक्षा र खेलकुदलाई सँगसँगै लाने नीति लिइनेछ। विद्यालयका खेल प्रशिक्षकहरूलाई आवश्यक तालिमसँगै खेलको स्तर वृद्धि गर्ने प्रयास गरिनेछ।

४०) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न नियमित प्रशिक्षण तथा आवश्यक खेलकुद पूर्वाधारहरू तयार गर्ने र नगरभित्रका खेल मैदानहरूको सुधार तथा स्तरोन्नति गरिनेछ। विद्यालयस्तरीय तथा अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। खेलाडीहरूको बीमा गर्ने कार्य आरम्भ गरिनेछ।

४१) वडा-वडामा सञ्चालनमा रहेको छिकोङ व्यायामलाई स्तरोन्नति गर्दै त्यसलाई विद्यालय स्तरसम्म विस्तार गर्ने नीति लिइनेछ।

४२) खेल विकासको लागि उपयुक्त स्थानमा कभर्ड हल तथा फुटसल खेलका निम्ति खेलमैदान निर्माण गर्ने तयारी गरिनेछ। नगरको उपयुक्त स्थानमा पौडी पोखरी निर्माण गरिनेछ। महेश्वरी खेलमैदान र सहिद स्मृति खेल मैदानको स्तरोन्नति गरिनेछ।

४३) स्थानीय खेलकुद समिति, टीम-क्लव, पुस्तकालय, वाचनालयहरूलाई परिचालन गर्दै वडास्तरीय, नगरस्तरीय खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ।

**च) वातावरण र सरसफाइ** :

४४) नगरभित्रका सम्पदा क्षेत्र, खुला क्षेत्र, खोला, पोखरीलगायतका स्थानहरूमा नगरपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूको नेतृत्वमा स्थानीय जनताको उपस्थितिमा नियमित पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै उपयुक्त स्थानहरूमा वृक्षरोपण गरी हरियाली व्यवस्थापन गरिनेछ।

४५) हनुमन्ते खोला तथा कासन खोला सुधार गर्दै खोलाको डिलमा टेवा पर्खाल (रिटेनिङ वाल) निर्माण गरी वृक्षरोपण गरिनेछ।

४६) नगरका उपयुक्त स्थानहरूमा पार्कहरू निर्माण गरिनेछ र सम्पदास्थललगायतका महत्त्वपूर्ण स्थानहरूमा बिरुवासहितको गमला राखी सौन्दर्यकरणमा प्राथमिकता दिइनेछ।

४७) बिजुली, टेलिफोन तथा इन्टरनेटका तारहरू अव्यवस्थित भई दृश्य प्रदूषण देखिएकोले ती तारहरूको उचित व्यवस्थापन गरी भूमिगत तार व्यवस्थापन शीघ्र सम्पन्न गरिनेछ। नगरको मुख्य बजार क्षेत्रमा पसल कवलमाथि पाखा राख्नेमा एकरूपता ल्याउनुका साथै रात्रिकालीन बत्ती र आकर्षक गमलाहरूको व्यवस्था गरिनेछ।

*बाँकी पृष्ठ ७ मा*



सुनिल प्रजापति, प्रमुख, भनपा



# जेनेभामा अमेरिका-इरान वार्ता सुरु, हर्मुजमा पुन: तनाव




जेनेभा, ७ असार (एएफपी)। मध्यपूर्व युद्धसँग सम्बन्धित विषयमा अमेरिका र इरानबिच नयाँ चरणको वार्ता आइतबार स्विट्जरल्याण्डको जेनेभामा सुरु हुने भएको छ। वार्तामा सहभागी हुन इरानी प्रतिनिधिमण्डल शनिबार राति जेनेभा पुगेको छ भने अमेरिकी उपराष्ट्रपति जेडी भान्स पनि वार्ताका लागि युरोप प्रस्थान गर्नुभएको छ। यसैबिच, इरानले लेबनानमा इजरायली आक्रमण जारी रहेको भन्दै 'स्ट्रेट अफ हर्मुज' पुन: बन्द गर्ने घोषणा गरेको छ।

युरोप प्रस्थानअघि सञ्चारकर्मीसँग कुरा गर्दै उपराष्ट्रपति भान्सले इरानको आणविक कार्यक्रम तथा लेबनान युद्धबिरामसम्बन्धी विषयमा प्रगति हुने अपेक्षा व्यक्त गर्नुभयो।

गत शुक्रबार हुने तय भएको अनुवर्ती वार्ता इजरायलले लेबनानमा घातक आक्रमण गरेपछि अन्तिम समयमा स्थगित गरिएको थियो। इजरायली सैनिकका चार सदस्यको मृत्यु भएपछि ती आक्रमण गरिएको जनाइएको छ।

अमेरिकाले शुक्रबार लेबनानमा युद्धबिराम पुन: लागू भएको घोषणा गरे पनि शनिबार इजरायली सेना र हिज्बुल्लाहबिच पुन: झडप भएको थियो। दुवै पक्षले एकअर्कामाथि युद्धबिराम उल्लङ्घन गरेको आरोप लगाएका छन्।

इरानको केन्द्रीय सैन्य कमाण्डले अमेरिकाले प्रारम्भिक सम्झौताको पालना नगरेको तथा दक्षिणी लेबनानमा इजरायलले निरन्तर युद्धबिराम उल्लङ्घन गरेको आरोप लगाउँदै 'स्ट्रेट अफ हर्मुज' मा जहाज आवागमनका लागि पुन:बन्द गरिने घोषणा गरेको छ।

विश्व तेल तथा ग्यास आपूर्तिको प्रमुख मार्ग मानिने 'स्ट्रेट अफ हर्मुज' युद्धको अधिकांश अवधिमा इरानले अवरुद्ध गरेको थियो। यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानी राष्ट्रपति मसूद पेजेशकियानबिच भएको प्रारम्भिक सहमतिअनुसार 'स्ट्रेट अफ हर्मुज' खुला गरिएको थियो।

इरानको घोषणापछि अमेरिकी केन्द्रीय कमाण्डले अन्तर्राष्ट्रिय जलमार्गमा सुरक्षित आवागमन कायम रहेको र अमेरिकी सेना सतर्क अवस्थामा रहेको जनाएको छ।

यसैबिच राष्ट्रपति ट्रम्पले वार्ताबाट अन्तिम सहमति ननिस्किए अमेरिकाले हर्मुजमार्फत हुने आवागमनमा आफ्नै शुल्क प्रणाली लागू गर्न सक्ने चेतावनी दिनुभएको छ।

इरानी प्रतिनिधिमण्डलमा संसद्का सभामुख मोहम्मद बाघेर गालिबाफ र विदेशमन्त्री अब्बास अराघची सहभागी रहनुभएको छ। इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बकाएइले प्रारम्भिक सम्झौताअनुसार अर्को पक्षले आफ्नो प्रतिबद्धता कार्यान्वयन गर्नुपर्ने माग वार्तामा उठाइने बताउनुभयो।

अमेरिकी वार्ताकार जारेड कुशनर र स्टिभ विटकफ भने वार्तास्थलमा पुगेर प्राविधिक विषयमा छलफल गरिरहेको जनाइएको छ।

मध्यस्थकर्ताको भूमिका निर्वाह गरिरहेको पाकिस्तानले प्रधानमन्त्री शहबाज शरीफ र सेना प्रमुख असिम मुनीर पनि उच्चस्तरीय वार्तामा सहभागी हुन स्विट्जरल्याण्ड प्रस्थान गरेको जनाएको छ। वार्ताको मुख्य उद्देश्य प्रारम्भिक सहमतिबाट समाधान हुन बाँकी विषय, विशेषगरी इरानको आणविक कार्यक्रमबारे दुई महिनाको वार्ता प्रक्रिया सुरु गर्नु रहेको बताइएको छ।

यसैबिच दक्षिणी लेबनानमा इजरायल र हिज्बुल्लाहबिच तनाव कायमै रहेको छ। इजरायली सेनाले झडपमा एक सैनिकको मृत्यु भएको जनाएको छ। अमेरिकी-इरान सहमतिपछि यो पाँचौं सैनिक मृत्यु हो।

इजरायली सेनाले हिज्बुल्लाहले दक्षिणी लेबनानस्थित आफ्ना सैनिकमाथि ५० भन्दाबढी क्षेप्यास्त्र प्रहार गरेको आरोप लगाएको छ। हिज्बुल्लाहले भने युद्धबिरामको आडमा इजरायलले दक्षिणी लेबनानतर्फ घुसपैठ प्रयास गरेपछि आफूले प्रतिकार गरेको जनाएको छ।

लेबनानी सरकारी सञ्चारमाध्यमका अनुसार इजरायली हवाई आक्रमणमा करिब २० स्थान प्रभावित भएका छन्। आक्रमणमा ३० भन्दाबढी व्यक्तिको मृत्यु भएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार हालसम्मको द्वन्द्वमा मृत्यु हुनेको सङ्ख्या चार हजार नाघेको छ।

दुवै पक्षले युद्धबिराम उल्लङ्घनको जिम्मेवारी एकअर्कामाथि थोपरेका छन्। दक्षिणी लेबनानका विस्थापित स्थानीयवासीले उक्त क्षेत्रमा अझै त्रास कायम रहेको बताएका छन्।

## विश्व सङ्क्षेप

### परराष्ट्र मन्त्रालय: ब्रिक्स सदस्यहरूसँग सञ्चार र समन्वयलाई सुदृढ पार्न चीन तयार

पेइचिङ, ७ असार (सीआरआई)। जुन १८ मा चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता लिन च्येनले नियमित पत्रकार सम्मेलन गर्नुभयो। एक पत्रकारले सोधे, चीनले राष्ट्रिय सुरक्षा सम्बन्धी १६औं ब्रिक्स उच्च प्रतिनिधि बैठकमा वाङ यीको उपस्थितिको बारेमा जानकारी दिएको छ। कार्यक्रममा वाङ यीको सहभागिताको व्यवस्था र यस बैठकबाट चीनको अपेक्षा के छ ?

लिन च्येनले जवाफ दिनुभएअनुसार राष्ट्रिय सुरक्षा सम्बन्धी १६ औं ब्रिक्स उच्च प्रतिनिधि बैठक जुन २२ देखि २३ सम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने छ। बैठकको क्रममा चीनले ब्रिक्स सदस्यहरूसँग वर्तमान अन्तर्राष्ट्रिय सुरक्षा अवस्था, प्रमुख अन्तर्राष्ट्रिय र क्षेत्रीय मुद्दाहरू र परम्परागत र गैर-परम्परागत सुरक्षा चुनौतीहरूको समन्वित प्रतिक्रियामा विचार आदानप्रदान गर्ने छ। यस वर्ष सेप्टेम्बरमा ब्रिक्स नेताहरूको शिखर सम्मेलनको लागि राजनीतिक तयारी गरिनेछ। चीनले यस बैठकलाई ब्रिक्स सदस्यहरूसँग सञ्चार र समन्वयलाई सुदृढ पार्न, राजनीतिक र सुरक्षा क्षेत्रमा ब्रिक्स सहयोगको सामग्रीलाई निरन्तर गहिरो बनाउन र विश्व शान्ति र सुरक्षा कायम राख्न सकारात्मक योगदान पुर्‍याउने अवसरको रूपमा प्रयोग गर्न तत्पर छ।

### उत्तरी थाइल्यान्डमा रेलवे सुरुङ निर्माणको क्रममा दुर्घटना, दुईको मृत्यु

बैङ्कक, ७ असार (सिन्ह्वा)। उत्तरी थाइल्याण्डमा निर्माणाधीन रेलवे सुरुङभित्र भारी उपकरण खस्दा दुई कामदारको मृत्यु भएको छ भने कम्तीमा दुई जना गम्भीर घाइते भएका छन्।

स्थानीय सञ्चारमाध्यमका अनुसार दुर्घटना शनिबार चियाङ राई प्रान्तस्थित तीन दशमलव चार किलोमिटर लामो दोई लुआङ सुरुङमा भएको हो। उक्त सुरुङ डेन चाइ-चियाङ राई-चियाङ खोङ रेलमार्ग परियोजनाअन्तर्गत निर्माणाधीन छ। सुरुङभित्र जलरोधक संरचना जडान गर्ने क्रममा भारी उपकरण खस्दा दुई कामदारको घटनास्थलमै मृत्यु भएको र अन्य दुई जना गम्भीर घाइते भएको जनाइएको छ। घाइतेलाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको छ। प्रारम्भिक अनुसन्धानबाट कामदार सुरुङभित्र वाटरप्रुफिङ जडानकार्यमा सङ्लग्न रहेको देखिएको छ। दुर्घटनापछि थाइल्याण्डको राज्य रेलवेले घटनास्थलमा दुई दिनका लागि निर्माण कार्य स्थगित गरेको छ। संरचनाको अवस्था निरीक्षण गर्न तथा दुर्घटनाको कारण पत्ता लगाउन विज्ञ र सम्बन्धित निकायलाई परिचालन गरिएको जनाइएको छ।

### सीजीटीएन सर्वेक्षण: अमेरिका-इजरायल-इरान द्वन्द्वले अमेरिकाको घट्दो प्रभाव उजागर

पेइचिङ, ७ असार (सीआरआई)। अमेरिका र इरान समझदारी पत्रमा पुगेपछि तीन महिनाभन्दा बढी समयदेखि जारी रहेको अमेरिका-इजरायल-इरान द्वन्द अन्तत: कम हुने सङ्केत देखिँदैछ।

हर्मुज जलडमरू वरपरको लामो द्वन्द्व र रणनीतिक प्रतिस्पर्धाले अमेरिकालाई अपेक्षित फाइदा भएन भने अमेरिकाले अपेक्षित रणनीतिक उद्देश्यहरू प्राप्त गर्न असफल भयो र विश्वव्यापी रणनीतिक प्रभावमा निरन्तर गिरावटको वास्तविकता उजागर गरेको छ।

सीजीटीएनको विश्वव्यापी अनलाइन सर्वेक्षणमा ९०.८ प्रतिशत उत्तरदाताहरूले बताए अनुसार द्वन्दको सुरुवातमा अमेरिकाले सीमित लगानीको साथ आफ्नो क्षेत्रीय प्रभुत्व कायम राख्न र सैन्य निवारण मार्फत क्षेत्रीय व्यवस्थालाई पुन: आकार दिन खोजेको थियो तर इरानले आधारभूत उद्देश्य अप्राप्य साबित गरिदिएपछि द्वन्द्व लम्बिँदा वाशिङ्गटनले बिस्तारै नियन्त्रण गुमाएको हो।

सहभागीहरूले प्यालेस्टिनी-इजरायली मुद्दा र इरान दुवैप्रति अमेरिकी हस्तक्षेपकारी र अस्थिर नीतिहरूको श्रृङ्खला मध्यपूर्वमा सुरक्षा स्थितिको तीव्र गिरावटको प्रमुख कारक भएको ठहर गरेका छन्।

सर्वेक्षण सीजीटीएनको अङ्ग्रेजी, स्पेनिश, फ्रान्सेली, अरबी र रूसी प्लेटफर्महरूमा जारी गरिएको थियो। २४ घण्टाभित्र विश्वभरका ९, हजार ८ सय ४९ उत्तरदाताले भाग लिएर आफ्ना विचार प्रस्तुत गरेका थिए।

# ताइवान-सम्बन्धित कथनहरूको दक्षिण कोरियाली अधिकारीको पुन: पुष्टीकरणमा चीनको जवाफ

पेइचिङ, ७ असार (सीआरआई)। दक्षिण कोरियाले चीन-दक्षिण कोरियाली संयुक्त विज्ञप्तिमा ताइवान-सम्बन्धित कथनहरूको पूर्ण र सार्वजनिक पुन: पुष्टिकरणको बारेमा चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ताले जवाफ दिएका छन्।

दक्षिण कोरियाको विदेश मन्त्रालयको उत्तरपूर्वी र मध्य एसिया ब्यूरोका महानिर्देशक नाम जिनले १८ तारिख पत्रकारहरूलाई बताएअनुसार दक्षिण-चीन संयुक्त विज्ञप्तिमा "दक्षिण कोरियाको सरकारले जन गणतन्त्र चीनको सरकारलाई चीनको एकमात्र कानुनी सरकारको रूपमा मान्यता दिन्छ र चीनको अडानलाई सम्मान गर्दछ कि त्यहाँ एक मात्र चीन छ र ताइवान चीनको हिस्सा हो।" दक्षिण कोरियाको अडान अपरिवर्तित रहन्छ। यसबारे प्रश्न गरेर पत्रकारले चीनको टिप्पणी माग गरेका छन्।

चिनियाँ प्रवक्ताले जवाफ दिएअनुसार यस वर्ष जनवरीमा चीन भ्रमण गर्नुअघि चिनियाँ मिडियासँगको अन्तर्वार्तामा, दक्षिण कोरियाली राष्ट्रपति ली जे-म्युङले ताइवान मुद्दाको बारेमा भन्नुभयो, "दक्षिण कोरिया र चीनबिचको आधारभूत सम्बन्ध धेरै सिद्धान्त र आधारभूत अडानमा आधारित कूटनीतिक सम्बन्ध स्थापनाको सुरुवातमा स्थापित भएको थियो। कोरियाली सरकारले सधैं यो अडानमा अडिग रह्यो र कहिल्यै पनि यसबाट विचलित भएको छैन। चीनको सबैभन्दा मुख्य चासो स्ताइवान मुद्दाप्रति दक्षिण कोरियाले सधैं जस्तै एक-चीन सिद्धान्तको सम्मान गर्ने अडानलाई कायम राख्ने छ।"

चीनको आफ्नो पछिल्ला राजकीय भ्रमणको क्रममा उहाँले दक्षिण कोरियाली सरकारले चीनको मुख्य हित र प्रमुख चासोहरूको सम्मान गर्ने र एक-चीन सिद्धान्तको पालना गर्ने बताउनुभएको छ। दक्षिण कोरियाली विदेश मन्त्रालयका महानिर्देशकले कूटनीतिक सम्बन्ध स्थापनासम्बन्धी चीन-दक्षिण कोरिया संयुक्त विज्ञप्तिमा ताइवानसम्बन्धी प्रावधानहरू पूर्ण र सार्वजनिक रूपमा मिडियालाई दोहोर्‍याए अर्थात् "गणतन्त्र कोरिया सरकारले जन गणतन्त्र चीनको सरकारलाई चीनको एकमात्र कानुनी सरकारको रूपमा मान्यता दिन्छ र चीनको अडानलाई सम्मान गर्दछ कि त्यहाँ एक मात्र चीन छ र ताइवान चीनको हिस्सा हो।"

चीनले यसको सकारात्मक मूल्याङ्कन गर्दछ। चीनलाई आशा र विश्वास छ कि दक्षिण कोरियाली पक्षले कूटनीतिक सम्बन्ध स्थापना गर्ने आफ्नो मौलिक प्रतिबद्धताहरू कायम राख्ने छ। आफ्ना राजनीतिक प्रतिबद्धताहरू पालना गर्ने छ र एक चीन सिद्धान्त लागू गर्न र चीन-दक्षिण कोरिया सम्बन्धको राजनीतिक आधारलाई सुरक्षित गर्न ठोस कदम चाल्ने छ।

# वैज्ञानिकहरूद्वारा क्वान्टम प्रकाश स्रोत नियन्त्रणको नयाँ विधि विकास

सिड्नी, ७ असार (सिन्ह्वा)। अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताले क्वान्टम प्रकाश स्रोत नियन्त्रण गर्ने नयाँ तरिका विकास गरेका छन्, जुन वास्तविक-विश्व प्रणालीमा क्वान्टम प्रविधिलाई भरपर्दो रूपमा प्रयोग गर्न आवश्यक प्रमुख तत्वहरूमध्ये एक हो।

अष्ट्रेलियाको युनिभर्सिटी अफ टेक्नोलोजी सिड्नी (यूटीएस) ले शनिबार जारी गरेको विज्ञप्तिअनुसार उक्त अनुसन्धानले साना क्वान्टम प्रकाश स्रोतका लागि नयाँ नियन्त्रण संयन्त्र प्रदान गरेको छ, जसले तिनीलाई क्वान्टम कम्प्युटिङ, सुरक्षित सञ्चार तथा अति-संवेदनशील सेन्सिङजस्ता व्यावहारिक क्वान्टम प्रविधिमा प्रयोग हुने दिशामा एक कदम नजिक पुर्‍याएको छ।

साइन्स एडभान्सेसमा प्रकाशित निष्कर्षअनुसार प्रयोगका क्रममा अनुसन्धानकर्ताले उत्सर्जित प्रकाशको रङ र तरङ्ग लम्बाइलाई उल्लेखनीय मात्रामा परिवर्तन गरे। उनीहरूले तहयुक्त सामग्रीलाई बारम्बार उठाउन, घुमाउन र पुन: तह मिलाउन पनि सफलता प्राप्त गरे, जुन निश्चित ट्विस्ट कोण प्रयोग गरिएका अघिल्ला प्रयोगभन्दा फरक उपलब्धि हो।

यूटीएसको नेतृत्वमा रहेको अन्तर्राष्ट्रिय टोलीले हेक्सागोनल बोरोन नाइट्राइडको संरचनाले अनुसन्धानकर्तालाई यसको पातलो, तहयुक्त र घुमाउन मिल्ने संरचनाको उपयोग गर्न अनुमति दिएको जनाएको छ। यसले हिरा वा सिलिकन कार्बाइडजस्ता परम्परागत ठोस-अवस्था सामग्रीसरह व्यवहार गराउने प्रयास गर्नुको सट्टा यसको प्राकृतिक विशेषताको उपयोग गर्न सम्भव बनाएको छ।

# आरोग्य पर्यटन र पर्यटनमा योग

विनोद घिमिरे

काठमाडौँ । आधुनिक चिकित्सा पद्धतिले शारीरिक रोगहरूको निराकरणमा अतुलनीय प्रगति हासिल गरे तापनि आन्तरिक बेचैनि, खराब आचरणबाट सृजित समस्याहरू र आत्मिक शून्यताको पूर्ण समाधान ठम्याउन सकेको देखिँदैन ।

यही धरातलमा टेकेर हाल विश्व परिवेशमा आरोग्य पर्यटनको दायरा निकै द्रुतगतिमा फैलिँदै गइरहेको अवस्था छ । आधुनिक जीवनसँगै धेरै मान्छेहरूको जीवनशैली परिवर्तन भएको छ । जसका कारणले मान्छेहरूमा धेरै रोगहरू उत्पन्न भएका छन् । सँगसँगै जीवनको गुणस्तर नै कम भएको अवस्था छ । यसरी आकुलव्याकुल भएर मान्छेहरू अब यात्राका लागि नै आरोग्यता रोज्ने परिस्थिति बनेको छ । मानिसहरू धेरै कारणले यात्रा गर्ने गर्छन् । कोही सौन्दर्यका लागि यात्रा गर्छन्, कोही ट्रेकिङका लागि यात्रा गर्छन्, कोही खेलकुदका लागि यात्रा गर्छन् भने कोही आफ्नो स्वास्थ्यलाई राम्रो बनाउन र रोगहरू कम गर्नका लागि पनि यात्रा गर्छन् । स्वास्थ्यका लागि गरिने यात्रालाई आरोग्य पर्यटन भनिन्छ । आरोग्य पर्यटनले रोगको उपचार मात्र नभएर व्यक्तिको स्वास्थ्य रक्षा गर्न जीवनशैली सुधार गर्न र जीवनको गुणस्तर वृद्धि गर्नलाई सहयोग गरिरहेको हुन्छ । ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार, आरोग्य पर्यटन भनेको आफ्नो व्यक्तिगत कल्याण र स्वास्थ्यलाई कायम राख्न वा बढावा दिन गरिने यात्रा हो । यो भनेको शारीरिक मानसिक भावनात्मक तथा आध्यात्मिक हिसाबले स्वास्थ्यको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले गरिने यात्रा हो । आरोग्य पर्यटनअन्तर्गत योग ध्यान आयुर्वेद प्राकृतिक चिकित्सा स्वस्थ आहार, स्पा डिटक्सजस्ता गतिविधिहरू पर्दछन् ।

पछिल्लो समय आरोग्य पर्यटन निकै विस्तार भएको छ । २०३० सम्म यसले विश्व पर्यटनको २० देखि २५ प्रतिशतसम्म हिस्सा ओगट्ने आकलन गरिएको छ । आरोग्य पर्यटन भनेको स्वास्थ्य पर्यटनकै एउटा अंश पनि हो । आरोग्य पर्यटनको बजार तथ्याङ्क हेर्दा, आरोग्य पर्यटनमा नेपाल १४३ देशमध्ये ९१ औँ स्थानमा रहेको छ ।

नेपालको आरोग्य पर्यटन अर्थतन्त्र करिब २.०२ अर्ब अमेरिकी डलर बराबर छ । आरोग्य पर्यटकले अन्य पर्यटकको तुलनामा ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने अध्ययनले देखाएको छ । आरोग्य पर्यटनमा योगको निकै ठुलो भूमिका छ । योगले व्यक्तिलाई स्वस्थ रहन र रोग भइसकेको अवस्थामा त्यसको व्यवस्थापन गर्न सहयोग गर्छ । त्यसैले, आजकाल आरोग्यका लागि यात्रा गर्ने क्रममा योग एउटा अभिन्न अंश पनि बनेको छ । योगले आरोग्य पर्यटनमा निम्न कुराहरूमा सहयोग गर्न सक्छ :

**१. मानसिक आरोग्यता र तनावबाट मुक्ति**

विश्व स्वास्थ्य सङ्गठनका अनुसार अहिले तनाव एक महामारीको रूपमा रहेको छ । योसँगै हरेक व्यक्तिमा तनाव एन्जाइटी डिप्रेसनजस्ता मानसिक समस्याहरू देखिँदै आएका छन् । फलस्वरूप धेरै आरोग्य पर्यटनमा तनाव व्यवस्थापन र मानसिक आरोग्यता महत्त्वपूर्ण विषय बनेको छ । योगले मानसिक तनाव कम गर्दै चिन्ता रोग डिप्रेसनजस्ता रोगहरूलाई पनि कम गर्न सहयोग गर्छ भन्ने विभिन्न अनुसन्धानहरू छन् । रोगले खुसी हर्मोन बढाउने तथा तनाव हर्मोनलाई कम गर्ने गरी यस्ता अवस्थाहरूमा फाइदा पुऱ्याउने प्रशस्त अध्ययनहरू भएका छन् । यसैलाई आत्मसाथ गरेर धेरै ठाउँमा योगका रिटिटहरू पनि सञ्चालन भएका छन् जसले मानसिक आरोग्यता र तनावको मुक्तिका लागि विशेष कार्य गर्दछन् ।

**२. जीवनशैली रूपान्तरण**

पछिल्लो समय जीवनशैली जन्य विभिन्न रोगहरू उत्पन्न भएका छन् । जीवनशैलीजन्य रोगहरूमा मधुमेह, उच्च रक्तचाप, मोटोपन, शरीरका विभिन्न दुखाइहरू, डिप्रेसन, एन्जाइटी, पेटका रोगहरू आदि पर्दछन् । यी रोगहरूको प्रमुख कारण हेर्दा जीवनशैली नराम्रो हुनु नै प्रमुखका अवस्था छ । यसका लागि मान्छेहरूलाई जीवनशैली परिवर्तन गर्नुपर्छ भन्ने थाहा छ तर जीवनशैली परिवर्तन गर्नलाई अप्ठ्यारो छ र त्यसका लागि एकदमै शान्त वातावरणमा मान्छेले कसरी जीवनशैली व्यवथापन गर्ने भन्नेजस्ता कुराहरू सिक्नुपर्ने हुन्छ । अहिलेको जीवनशैली व्यवस्थापन भनेको डरमा आधारित छ र तिमीले यो यो जीवनशैली परिवर्तन गरेनौ भने यो यो रोग लागेर मर्न सक्छौँ भन्ने डरले जीवनशैली व्यवस्थापन पूरै दीर्घकालीन रूपमा व्यवस्थित हुँदैन भन्ने छ । योगले खुसीमा आधारित जीवनशैली परिवर्तन सिकाउँछ जसले गर्दा यो दीर्घकालीन रूपमा फाइदाजनक छ भनेर प्रमाणित भएको अवस्था छ । त्यसैले, पछिल्लो समयमा आफ्नो जीवनशैलीलाई रूपान्तरण गर्नका लागि योगको भूमिकालाई लिएर विभिन्न योग रिट्रीट केन्द्र तथा आश्रममा आउने चलन छ । योगले रोगरोधक, स्वास्थ्यप्रवर्द्धक, उपचारात्मक, पुन:स्थापनात्मक चारै पक्षमा कार्य गर्छ । नेपाल आरोग्य पर्यटनको हब बन्ने सम्भावना उच्च छ ।

नेपालको भौगोलिक विविधताअन्तर्गत तराईको न्यानो फाँटदेखि मध्य पहाडको समशितोष्ण र हिमाली भेगको स्वच्छ शीतल वातावरण योग साधनाका लागि बरदान सावित छन् । विश्वव्यापी आरोग्य पर्यटनको रङ्गमञ्चमा नेपालले योगलाई आफ्नो मुख्य पहिचान अर्थात् ब्रान्डका रूपमा स्थापित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ । वर्षको बाऱ्है महिना ऋतुअनुसारका फरक-फरक प्राकृतिक परिवेशमा योग रिट्रिटहरू सञ्चालन गर्न सकिने अनुपम पर्यावरणीय धरातल नेपालसँग सुरक्षित छ ।

**३. उच्चस्तरको साधना**

हिमालयको काखमा बसेर गरिने योग र ध्यानलाई विश्वका धेरै साधकहरूले एउटा विशेष अवसर र सौभाग्यका रूपमा लिने गरेका छन् । नेपाल बुद्ध र विभिन्न ऋषिमुनिहरूको साधना गर्ने स्थल भएकाले यहाँको वातावरणमा नै बेग्लै प्रकारको आध्यात्मिक ऊर्जा पाइन्छ । यसले गर्दा आरोग्यताका लागि यात्रा गर्ने विदेशी पर्यटकहरू यहाँ निकै आकर्षित हुने गरेका छन् । लुम्बिनी, पोखरा, काठमाडौँका उच्च स्थान र हिमाली भेगमा विशेष योग रिट्रीट तथा आरोग्य केन्द्रहरू निर्माण गर्न सकेमा नेपालमा उच्चस्तरका धेरै पर्यटक ल्याउन सकिने प्रशस्त आधारहरू छन् ।

**४. प्राकृतिक र वैकल्पिक उपचारसँगको संयोजन**

आरोग्य पर्यटनभित्र आयुर्वेद, प्राकृतिक चिकित्सा र स्पा थेरापीहरू पर्दछन् । योग यी सबै विधाको परिपूरक हो । उदाहरणका लागि, आयुर्वेदको डिटक्स (पञ्चकर्म) गरिरहेको व्यक्तिलाई शरीर हलुका बनाउन र ऊर्जा प्रवाह राम्रो गर्न योग आसनहरू गराइन्छ । यसले गर्दा आरोग्य पर्यटनका प्याकेजहरू अझ बढी प्रभावकारी बन्छन् ।

**५. दीर्घकालीन र गुणस्तरीय पर्यटनको प्रवर्द्धन**

आरोग्य पर्यटनको एक महत्त्वपूर्ण अवयवका रूपमा योगले पर्यटन क्षेत्रको आर्थिक सबलीकरणमा विशेष योगदान दिइरहेको पाइन्छ । सामान्यत: अन्य पर्यटकहरू तीनदेखि पाँच दिनसम्म मात्र भुल्ने गरे तापनि योग र आरोग्यताका अभ्यासीहरू प्राय: एक हप्तादेखि एक महिना वा सोभन्दा लामो अवधिसम्म बस्ने गर्छन् । आफ्नो स्वास्थ्य र खानपानप्रति सचेत रहने यस्ता पर्यटकस्तरीय सेवाका लागि बढी खर्च गर्न इच्छुक हुने हुँदा यसबाट पर्यटन उद्योगले उल्लेख्य लाभ लिन सक्छ । योगका लागि शान्त र नैसर्गिक वातावरण अपरिहार्य हुने भएकाले यस्ता केन्द्रहरू सहरभन्दा टाढा ग्रामीण वा जङ्गलको निकट क्षेत्रमा स्थापना हुन्छन् । यसबाट पर्यटकीय लाभ स्थानीय स्तरसम्म पुगी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सृजना हुन्छन् । सरकारले नेपाललाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने १०० बुँदे कार्ययोजनामा 'योग, ध्यान, आयुर्वेद' ब्रान्ड बनाउने घोषणा गरेको छ, नेपाल आरोग्य वर्ष २०२७ ले यो ब्रान्ड बनाउँदैछ । योग आरोग्य पर्यटनको मूलमन्त्र हो ।

प्रशस्त सम्भावनाहरूका बाबजुद आरोग्य पर्यटनको रङ्गमञ्चमा योगको भूमिकालाई संस्थागत र सुव्यवस्थित तुल्याउन केही चुनौती तथा अवरोधहरू विद्यमान देखिन्छन् :

**१. अन्तर्राष्ट्रिय प्रमाणीकरण र ब्रान्डिङको चुनौती**

नेपालमा योग प्रशिक्षणका अनेकौँ केन्द्रहरू सञ्चालित भए तापनि तिनलाई वैश्विक मापदण्डअनुरूपको 'वेलनेस रिसोर्ट' वा प्राज्ञिक एकेडेमीको रूपमा चिनाउन सकिएको छैन ।

**२. विशिष्टीकृत वैज्ञानिक पाठ्यक्रमको अभाव**

परम्परागत आसन र अभ्यासमा मात्र सीमित नभई विदेशी साधकहरूको शारीरिक तथा मानसिक अभिलाषा (जस्तै: एन्टि-एजिङ, शोधन प्रक्रिया वा उपचारात्मक योग) लाई सम्बोधन गर्ने वैज्ञानिक प्याकेजहरूको कमी महसुस गरिएको छ ।

**पूर्वाधार विकास र सहज पहुँच :**

योग साधनाका लागि उपयुक्त एकान्त र शान्त गन्तव्यहरूसम्म पुग्ने यातायात सञ्जाल भरपर्दो नहुँदा उच्चस्तरका अन्तर्राष्ट्रिय पर्यटकहरू यस्तो सेवा लिन सङ्कोच मान्ने परिस्थिति छ ।

विश्व परिवेशमा आरोग्य पर्यटन केवल सौखिन विलासिता मात्र नभई दैहिक एवं मानसिक सन्तुलन कायम राख्ने अपरिहार्य आवश्यकताका रूपमा उदय भएको छ । यस सन्दर्भमा, यस मानवीय अभिलाषालाई सम्बोधन गर्ने सर्वोत्कृष्ट एवं वैज्ञानिक कडीका रूपमा योगको भूमिका अद्वितीय देखिन्छ ।

आरोग्य पर्यटनको यस बृहत्तर रङ्गमञ्चमा योगलाई आधारभूत स्तम्भका रूपमा प्रतिष्ठित गर्न नेपालले 'हिमालयन वेलनेस' को नवीन अवधारणालाई आत्मसाथ गर्नु श्रेयस्कर देखिन्छ । राज्यको नीतिगत तहबाटै योग पर्यटनलाई उच्च प्राथमिकतामा राख्ने, वैश्विक मापदण्डका वेलनेस रिसोर्टहरूलाई प्रवर्द्धन गर्ने र आधुनिक चिकित्सा प्रणालीसँग योग विज्ञानको तादात्म्य मिलाउँदै एकीकृत चिकित्सा पद्धतिको मार्ग प्रशस्त गर्नसकेमा यसले राष्ट्रिय अर्थतन्त्र र जनस्वास्थ्यको क्षेत्रमा युगान्तकारी रूपान्तरण सूत्रपात गर्न सक्ने प्रवल आधारहरू सुनिश्चित गर्दछ ।

*(लेखक योग विशेषज्ञ हुनुहुन्छ)* **रासस**

---

*भक्तपुर...*

४८) सल्लाघारी र हनुमानघाट (खँचा) मा निर्माणाधीन उपचार पोखरीहरूको निर्माण कार्य सम्पन्न गरी उपचारपछिको पानी खोलामा पठाई खोलाको पर्यावरणलाई स्वस्थ र जीवन्त बनाउन पहल गरिनेछ ।

४९) वातावरणीय प्रदूषण घटाउन प्लास्टिकको झोलालगायत सामग्रीहरूको प्रयोगमा न्यूनीकरण गरिनेछ ।

५०) सरोकारवाला सरकारी निकायहरूसँग समन्वय गरी नगरको ढल निकास व्यवस्थापनमा सुधार तथा आवश्यक पूर्वाधार निर्माण गरिनेछ । योसिंख्योदेखि सल्लाघारीसम्मको प्रस्तावित ढललाई औचित्यको आधारमा खारेज प्रक्रिया अगाडि बढाइनेछ ।

५१) नगरको मूल सडकमा भारी सवारीसाधनहरूलाई क्रमश: निषेध गर्दै पैदलयात्रीमैत्री बनाउँदै लगिनेछ । नयाँ आवास क्षेत्रहरूमा भारी सवारी साधन प्रवेश निषेध गर्ने नीति लिइनेछ ।

५२) नगर क्षेत्रलाई ध्वनि, वायुलगायतको प्रदूषण न्यूनीकरण गर्न तथा नगरवासीहरूको स्वास्थ्यलाई उच्च प्राथमिकता दिँदै साइकल यात्रालाई प्रोत्साहित गरिनेछ ।

५३) आधुनिक प्रविधि जडान गरी कुहिने फोहरबाट कम्पोस्ट मल उत्पादन तथा नकुहिने फोहरलाई पुन: प्रयोग, पुन: उत्पादन विधि प्रयोग गरी फोहरमैलाको दीर्घकालीन व्यवस्थापन गर्न पहल गरिनेछ ।

**छ) खानेपानी** :

५४) परम्परागत खानेपानीको स्रोतको रूपमा रहेका इनार, कुवा, ढुङ्गेधारा र अन्य स्रोतको पहिचान गरी सुधार र संरक्षण गरिनेछ ।

५५) नगरका सबै बस्तीहरूमा मेलम्ची र नगरकोटको खानेपानीको पहुँच पुऱ्याउन वितरण प्रणालीलाई सुधार गर्ने र उचित स्थानमा डिप बोरिङ, खानेपानी ट्याङ्कीलगायत अन्य आवश्यक पूर्वाधार निर्माण र आकासेपानी सङ्कलन तथा जमिनमुनि पानी पुनर्भरणको वैज्ञानिक विधि अपनाइनेछ ।

**ज) कृषि** :

५६) नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल र कृषि चुन सहुलियत दरमा बिक्री गरी यसको प्रयोगमा नगरवासीहरूलाई उत्साहित गरिनेछ ।

५७) भनपा ८ मा निर्माणाधीन चिस्यान केन्द्र सञ्चालन गरिनेछ । भनपा ५ मा निर्मित तरकारी बजार सञ्चालनमा ल्याई समय-समयमा कृषि उत्पादन मेला सञ्चालन गरिनेछ ।

५८) समय-समयमा सस्तो बजार सञ्चालन गरी कृषि बजार प्रवर्द्धन गरिनेछ ।

५९) नगरवासी कृषकहरूको सूचीकरण गर्दै कृषि अभ्यास, उन्नत बीउबिजनको प्रयोग तथा जैविक विषादी प्रयोगसम्बन्धी विज्ञहरूबाट तालिम र माटो परीक्षणको व्यवस्था गरिनेछ । कृषकहरूलाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था गरिनेछ ।

**झ) सहकारी** :

६०) सहकारी संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुका साथै सीपमूलक तालिमहरू दिएर युवाहरूलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ । नगरवासीहरूलाई वित्तीय साक्षरता अभियान सञ्चालन गरिनेछ ।

६१) सहकारी संस्थामा रहेका बचतकर्ताहरूको बचत रकम सुरक्षित गर्न सहकारी संस्थाहरूको नियमित अनुगमन गरिनेछ । बचतकर्ताहरूको बचत रकम हिनामिना गर्ने तथा ऋण लिएर समयमा चुक्ता नगर्नेहरूबाट असुल गर्न नगरपालिकामार्फत बचत रकम सुरक्षाको लागि आवश्यक सहजीकरण गरिनेछ ।

६२) सहकारी संस्थाको सामुदायिक विकास कोषलाई समुदायको हितमा प्रयोग गरिनेछ । 'एक सहकारी एक क्षेत्र सरसफाइ' नीतिलाई निरन्तरता दिइनेछ ।

६३) सहकारी संस्थाहरूलाई सामाजिक उत्तरदायित्वअन्तर्गत आदर निकेतन, स्वास्थ्य केन्द्र स्थापना र स्वास्थ्य शिविर सञ्चालन, व्यायामशाला सञ्चालनलगायतका अतिरिक्त गतिविधि सञ्चालन गर्न उत्साहित गरिनेछ ।

**ञ) युवा, महिला तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम** :

६४) नगरवासी युवाहरूलाई आत्मनिर्भर र स्वरोजगार बनाउन सिकर्मी, डकर्मी, पाकशिक्षा, सिलाइ, विद्युत्, कम्प्युटर, हेयर कटिङ, ब्युटिसियन, फ्रिज, वासिङ मेसिन, मोबाइल, मोटरसाइकल, पानी तान्ने पम्प मर्मतलगायत सीपमूलक तालिमहरू दिइनेछ । साथै चिनियाँ, जापानी, अङ्ग्रेजी भाषा, साङ्केतिक भाषालगायतका भाषा प्रशिक्षण तथा कृत्रिम बौद्धिकता (एआई), डिजिटल व्यवसाय प्रवर्द्धन, फोटोग्राफी, भिडियोग्राफी, सङ्गीत, नृत्यलगायतका तालिमहरू सञ्चालन गरिनेछ ।

६५) सम्भावित आगलागी, बाढी पहिरोलगायतका विपद् प्रतिकार्यको तालिम दिई युवा स्वयम्सेवक टोली गठन गरी परिचालन गरिनेछ । साथै आवश्यक ठाउँमा फायर हाइड्रान्टहरू स्थापना गरिनेछ ।

६६) नगरवासी युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत ब्याजदरमा युवा उद्यमशीलता ऋणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६७) भक्तपुरको कला, संस्कृति, जीवनशैली, इतिहासलगायतमा अनुसन्धानका साथै डिजिटल माध्यमबाट प्रचारप्रसार गर्न युवाहरूलाई आवश्यक तालिम र सहजीकरण गरिनेछ ।

६८) शिक्षित युवाहरूका लागि लोकसेवा, शिक्षक सेवालगायत अन्य प्रशिक्षणको व्यवस्था गरिनेछ ।

६९) ज्येष्ठ नागरिकका लागि भनपा ६ अँचा पुखु परिसरमा आदर निकेतन सञ्चालनसँगै ज्येष्ठ नागरिकहरूलाई सम्मान कार्यक्रम गरिनेछ ।

७०) अपाङ्गता भएका नगरवासीहरूलाई आवश्यक तालिम तथा अपाङ्ग सहायक सामग्रीहरू उपलब्ध गराउनुका साथै खेलकुद र अतिरिक्त क्रियाकलापहरू गरिनेछ । अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ ।

७१) युवाहरूलाई लागूपदार्थ तथा मादक पदार्थको दुर्व्यसनीबाट टाढा राख्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

७२) नगरवासी ज्येष्ठ नागरिकहरूको सीपको उपयोग गर्नुका साथै एकल महिलाहरूलाई लक्षित गरी सीपमूलक तालिम तथा मनोपरामर्शका गतिविधिहरू सञ्चालन गरिनेछ ।

**ट) भौतिक पूर्वाधार निर्माण** :

७३) भनपा २ स्थित इन्द्रायणी द्योछेँ, भनपा ३ स्थित थन्थु दरबार, भनपा ४ स्थित इखालाछी मठ, भनपा ६ स्थित छुमा गणेश द्योछेँ र सुन्दरीगोपाल मन्दिर, भनपा ८ स्थित न्याकी देग: नारायण मन्दिर पुन: निर्माण र पुरानो जगाती पुल जीर्णोद्धार सम्पन्न गरिनेछ । भक्तपुरको गौरवको योजनाको रूपमा रहेका निर्माणाधीन भनपा ६ स्थित अरनिको सभाभवन, भनपा १ स्थित तकोकिवा बहुउद्देश्यीय भवन, भनपा ३ स्थित ऐतिहासिक पाहाँ छेँको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । त्यसैगरी, भनपा वडा नं. ७ हनुमानघाटको सत्तल पाटी पुन:निर्माण, भनपा ९ स्थित ख्वप अस्पतालको निर्माणाधीन प्रवेशद्वार, क्यान्टिन ब्लक तथा एम.आर.आई. भवन सम्पन्न गर्न आवश्यक बजेटको बन्दोबस्त गरिनेछ ।

७४) हनुमन्ते खोलामा टेवा पर्खालसहित खोला किनारको सडक (करिडोर) निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

७५) ख्वप कलेज अफ लको भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्था मिलाइनेछ ।

७६) आदिपद्म महाबिहार आगंछेँ निर्माण सम्पन्न गरिनेछ, थथुबहीको मूल प्रवेशद्वार निर्माण गरिनेछ ।

७७) ऐतिहासिक ९९ चोक उत्खनन् कार्यलाई अगाडि बढाउन दरबार क्षेत्रमा रहेका सरकारी कार्यालयहरूलाई उचित स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ । भक्तपुर दरबार क्षेत्रस्थित वसन्तपुर दरबारको पुन:निर्माणसम्बन्धी अध्ययन गरिनेछ ।

७८) ऐतिहासिक ब्रह्मायणी मन्दिर तथा घाट पुन: निर्माणसँगै मङ्गलतीर्थ घाट तथा ताहाफल्चा, महेश्वरी घाट, कालीघाट, धालाखुसी घाटलगायत पुन: निर्माण कार्य अगाडि बढाइनेछ ।

७९) भनपा १० लाञ्चाफल्चादेखि ब्यारेकसम्मको नगरकोट सडक खण्डमा ढल निकास र पेटीसहित कालोपत्रे गरिनेछ । लिबाली आवास योजना तथा देको मिवा इटापाके आवास योजनाका सडकहरूको स्तरोन्नतिसँगै कालोपत्रे कार्य अगाडि बढाइनेछ ।

८०) कयुतामरु घाटको पुल निर्माण गरी सवारी साधनहरूलाई योसिंख्योबाट अरनिको राजमार्गसम्म आवतजावत गर्ने वैकल्पिक व्यवस्था गरिनेछ ।

८१) नगर प्रवेश गर्ने प्रमुख नाकाहरूमा सरसफाइ तथा हरियाली व्यवस्थापन गरिनेछ ।

८२) वडा वडाका सम्पदाहरू पुन: निर्माणका लागि छुट्टै बजेटको बन्दोबस्त गरिनेछ ।

८३) भनपा ५ स्थित पसिखेल सवारी पार्किङ क्षेत्र सञ्चालनमा ल्याइनेछ र अन्य उपयुक्त स्थानहरूमा पार्किङको व्यवस्था गरिनेछ ।

८४) देको मिवा इटापाके आवास योजनाका बाँकी भौतिक निर्माण कार्य सम्पन्न गर्न सहजीकरण गर्ने तथा गुठी जग्गासँग सम्बन्धित समस्या समाधानका लागि पहल जारी राखिनेछ ।

**ठ) विविध** :

८५) भनपा २ सानो ब्यासीस्थित भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला तथा घरेलु उत्पादनमा आधारित औद्योगिक ग्रामको रूपमा विकास गर्न पहल गरिनेछ । भक्तपुर क्राफ्ट उद्योग सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

८६) सरकारी, पर्ती तथा सार्वजनिक जग्गाहरूको अभिलेखीकरण गरी संरक्षण गरिनेछ र उक्त जग्गालाई सामूहिक हितमा उपयोग गरिनेछ ।

८७) नगरका महत्त्वपूर्ण पर्यटकीय स्थल तथा सम्पदा क्षेत्रहरूमा फ्रि वाइफाइको व्यवस्था गरिनेछ ।

८८) कर टोलीहरू परिचालन गरी घरदैलो कर सङ्कलन तथा अनलाइन कर सङ्कलन कार्य र अनलाइन नक्सा पास प्रक्रियाको थालनी गरिनेछ ।

८९) माटो जोडाइका घर निर्माणको नक्सापास प्रक्रियालाई सहजीकरण गरी नक्सापास दस्तुरमा छुट दिइनेछ ।

९०) बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ । व्यवसायीहरूको ढक तराजुको नवीकरणको व्यवस्था नगरपालिकामा नै गरिनेछ ।

९१) छाडा कुकुर तथा दोपाया, चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

९२) नगरपालिका क्षेत्रमा अस्थायी बसोबास तथा डेरामा बस्ने सबैको तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गरिनेछ ।

९३) २०७२ सालको भूकम्प पीडितहरूलाई भग्नावशेष व्यवस्थापन तथा नक्सापास प्रक्रियामा सहजीकरण गरिनेछ ।

९४) कर्मचारी प्रशासनलाई चुस्त तथा सेवाग्राहीमैत्री बनाइनेछ । कर्मचारीहरूको कार्य मूल्याङ्कनको आधारमा दण्ड पुरस्कारको व्यवस्था गरिनेछ । कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी सेवा प्रवाहमा चुस्तता ल्याइनेछ ।

उपयुक्त नीति तथा कार्यक्रमको आधारमा आ.व. २०८३/८४ को बजेट प्रस्तुत गरिने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

***(भक्तपुर नगरपालिकाको २० औँ नगरसभामा असार ७ गते आइतबार नगर प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम)***



*विकास...*

गरेको विकास र प्रगति उल्लेखनीय रहेको बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीले निरन्तर जनताको सेवा गर्दै आएको र यसका काम तथा उपलब्धिबारे देशव्यापी रूपमा चर्चा हुने गरेको उल्लेख गर्नुभयो ।

उहाँले नेमकिपालाई विकासविरोधी भन्ने आरोप लगाउनेहरूलाई भक्तपुरमा भएका विकास निर्माणका कार्यहरूले गलत साबित गरिरहेको बताउँदै क्षेत्रफलका हिसाबले भक्तपुर सानो भए पनि यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विद्यालय, कलेज र सांस्कृतिक संस्थाहरू रहेको, विभिन्न सांस्कृतिक गतिविधि सञ्चालन हुने गरेको तथा अन्तर्राष्ट्रिय भ्रमण र आदानप्रदानका कार्यक्रमहरू भइरहेको बताउनुभयो ।

उहाँले भक्तपुर विश्व सम्पदा सहरका रूपमा परिचित रहेको उल्लेख गर्दै नगरले देशको मात्र नभई अन्तर्राष्ट्रिय समुदायको समेत सेवा गरिरहेको धारणा राख्नुभयो ।

उहाँले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अझ सुदृढ बनाउँदै लैजानुपर्ने, भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको शिशु स्याहार केन्द्रलाई थप नमुनायोग्य बनाउनुपर्ने सुझाव दिँदै नगर प्रहरी परिचालनलाई अझ चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुपर्ने तथा विदेशमा अध्ययन गरेका दक्ष जनशक्तिलाई आफ्नै नगर र जिल्लाको सेवामा योगदान दिन प्रेरित गर्ने सन्देश प्रवाह गर्न नगरपालिकाले अग्रणी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजुले विकास र सुशासनका क्षेत्रमा भक्तपुर नगरपालिकाले स्थापित गरेको मोडल उदाहरणीय रहेको बताउनुभयो । उहाँले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर बजेट निर्माण तथा कार्यान्वयन गर्ने कार्य अन्य स्थानीय तहका लागि पनि अनुकरणीय बन्दै गइरहेको उल्लेख गर्दै भक्तपुर नगरपालिका विकास, सुशासन र सेवा प्रवाहका दृष्टिले 'प्रकाशस्तम्भ' का रूपमा स्थापित भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले पार्टीको घोषणापत्रलाई शिरोधार्य गर्दै जनताको सहयोग, जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासबाट प्राप्त उपलब्धिहरू सम्भव भएको उहाँले बताउनुभयो ।

सांसद सैँजूले कुनै पनि संस्था एक वा दुई व्यक्तिको निर्णयले मात्र सफलतापूर्वक सञ्चालन हुन नसक्ने उल्लेख गर्दै सामूहिक भावना, साझा जिम्मेवारी र सहकार्यबाट गरिएका कामहरू दिगो हुने धारणा व्यक्त गनुभयो ।

भक्तपुरमा समाजवादी कार्यशैलीअनुसार काम अगाडि बढिरहेको र राष्ट्रिय सम्पत्तिको संरक्षण तथा संवर्द्धनमा विशेष ध्यान दिइएको उहाँको भनाइ थियो ।

उहाँले सभ्यता र संस्कृतिको संरक्षणलाई समृद्ध समाज निर्माणको आधार मान्दै सभ्यता नभएको देश पछाडि पर्ने बताउनुभयो । समाजवादको महत्त्वपूर्ण पक्ष नै सभ्यता, संस्कृति र सम्पदाको संरक्षण तथा पुस्तान्तरण भएको उल्लेख गर्दै भक्तपुरले यस क्षेत्रमा उल्लेखनीय कार्य गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्वागत मन्तव्य राख्दै नगरको गौरवमय यात्राबारे प्रकाश पार्दै नगरसभाले २०८३/८४ को नीति तथा कार्यक्रमलाई आधार बनाई आवश्यक बजेट निर्माण गरी अगाडि बढ्ने बताउनुभयो ।

उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले सूचना प्रविधिको अधिकत्तम प्रयोग गर्दै डिजिटलाइज्ड नगर निर्माणतर्फ महत्त्वपूर्ण कदमहरू अघि बढाएको स्पष्ट पार्दै जनप्रतिनिधिहरूले इमानदारीपूर्वक जनताको सेवामा समर्पित भएर काम गरिरहेको र नगरवासीको विश्वास र अपेक्षाअनुसार विकास निर्माण तथा सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउँदै अगाडि बढ्न प्रतिबद्ध रहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल र ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले नगरपालिकाबाट सञ्चालित शैक्षिक र स्वास्थ्य संस्थाहरूले सर्वसाधारणलाई दिँदै आएको सुलभ र गुणस्तरीय सेवाबारे चर्चा गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवाद ज्ञापन गर्नुभएको उक्त उद्घाटन कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

आइतबार बसेको नगरसभाको पहिलो बैठकले उद्घाटन समारोहलाई भव्यताका साथ सम्पन्न गर्न विशेष योगदान पुऱ्याउनुहुने प्रमुख अतिथि एवं नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित), वाग्मती प्रदेशसभाका सदस्यद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजुलगायतप्रति धन्यवाद ज्ञापन गरेको छ ।

नगर सभाको आगामी बैठक असार ९ गते दिनको १ बजे बस्ने गरी स्थगित गरेको छ । उक्त सभामा भक्तपुर नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि छलफल सुरू हुनेछ ।

## लघु कथा

# जेलका चिठीहरू

✍ दुर्गा

शोभा झिसमिसेसँगै उठ्छिन् । घर बढार्दै कुरा खेलाउँछिन्, "आज जेलका बन्दीहरूसँग आफन्तलाई भेट्न दिने दिन छ ।" राज्य नै लागेर 'भक्तपुर काण्ड' को षड्यन्त्रको जालोमा अरु कैयौं नेता कार्यकर्तासँगै फसाइएका आफ्ना श्रीमान्लाई भेट्न साना दुई छोराहरूलाई सँगै छेउमा बसाएर श्रीमान् जेलको दण्डी खापाभित्र र शोभा आफू बाहिर उभिन् । तिनले भनिन्, "षड्यन्त्रकारी, अत्याचारी, पापीहरूले तपाईंलाई पनि धेरै शारीरिक मानसिक यातना दिए होला । अहिले तपाईंलाई कस्तो छ ?

दुवै छोरा अगाडि आएर बा भन्दै तोलाएर बसे । छोराहरूको गाला, कपाल सुम्सुम्याएर तिमीहरू ज्ञानी भएर राम्रोसँग पढ्नुपर्छ । भोलि असल मान्छे बनेर देशको निःस्वार्थ सेवा गर्नुपर्छ है ! शोभालाई पनि सान्त्वना दिँदै श्रीमान्ले भने, "शोभा, यस्तो बेला आँसु बगाउने, रुन्ने होइन बरु लड्ने हो । मलाई तिमीले सोचेजस्तै त्यस्तो खासै शारीरिक र मानसिक यातना दिएन । भित्र किसान भाइहरूलाई हुनसम्मको यातना दिन्थ्यो । तर, शोभा ! मलाई ती भाइहरूदेखि खुसी र गर्व लाग्छ । ती भाइहरू राज्यको अगाडि झुकेनन् । संसारमा साम्राज्यवादी, उपनिवेशवादी, विस्तारवादी, सामन्त र पुँजीवादी राज्यसत्ताले देशभक्त कम्युनिस्ट नेता, कार्यकर्ता र दललाई डुबाउन यस्तो षड्यन्त्रको हतियार प्रयोग गरेको धेरै इतिहास पाइन्छ । यो षड्यन्त्रको भण्डाफोर गर्न सबैको सहयोगमा सत्यतथ्य कुरा जनतालाई बताउनुपर्छ । यसबाट उनीहरू जनता र विश्वमाझ नाङ्गिन्छन् । यो चिठी घरमा लगेर राम्रोसित पढ्नू । यो चिठीले तिमीलाई ऊर्जा मिल्नेछ । जेलका चिठीहरू लिँदै श्रीमान्सँग बिदा लिएर शोभा छोराहरूसँगै घर फर्किन् ।

घरमा साँझको भान्छा सकिएपछि जेलका चिठीहरू शोभाले खोलेर पढिन्, "प्रिय शोभा ! मधुर सम्झना ! मेरो स्वास्थ्य झन्झन् राम्रो हुँदै आएको छ । घरमा आमा, छोराहरूको स्वास्थ्यमा ख्याल राख्नू । यो जेलको चिठीले तिमीलाई उत्साह र प्रेरणा दिने नै छ । यी चिठीहरूले तिमीलाई समाज, देश अनि विश्वको कला, संस्कृति, दर्शन सभ्यता, अर्थशास्त्र, नागरिकशास्त्र, कूटनीति, भूगोल, राजनीति, इतिहास र क्रान्तिसँग परिचित गराउनेछ । शोभा घरको काम, छोराहरूसँगै घरबाट जेलमा र जेलबाट घर फर्किंदा थाकिएकीले बाँकी अरु जेलका चिठीहरू पछि पढ्ने मनमा अठोट लिइन् । जेलका चिठीहरूलाई सिरानीमुनि राखेर शोभा छोराहरूसँगै सुतिन् ।


## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


*कामरेड...*

आफू क्यान्सरको बिरामी भए पनि उहाँले क्यान्सरसम्बन्धी विभिन्न संस्थाले आयोजना गरेका कार्यक्रममा सहभागी बनेर, पत्रपत्रिकामा लेख लेखेर क्यान्सरसम्बन्धी जनचेतना फैलाउन सहयोग गर्नुभयो ।

देश र जनताको सेवामा राजनीति गरेका कार्यकर्ताको जीवनमा प्रतिकूलता स्वाभाविक सिलसिला हुने गर्छ । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले राजनीतिलाई आफ्नो व्यक्तिगत महत्त्वाकाङ्क्षा पूरा गर्ने, सत्ता प्राप्तिको बाटो, सुख सुविधाको मार्गको रूपमा कहिल्यै पनि लिनुभएन । उहाँले सधैँ देश र संसारका श्रमिक जनतालाई केन्द्रमा राखी समाजवाद र साम्यवादी व्यवस्था स्थापनाको कठिन बाटोलाई नै जीवनको लक्ष्य मान्नुभयो र त्यसमा अथक एवम् सम्झौताहीन ढङ्गमा लाग्नुभयो । उहाँ सिद्धान्तनिष्ठ र नैतिकवान् राजनीतिज्ञको उदाहरण हुनुहुन्छ । उहाँको यो निष्ठाको राजनीतिको असल बाटोमा अथक र अविचलितरूपमा साथ दिनुभयो शोभा प्रधानले । अध्यक्ष बिजुक्छेँको स्वास्थ्य, समयमा खानपिन, कार्यक्रमको व्यवस्थापन उहाँको सधैँको प्राथमिकताको विषय बन्यो । बिजुक्छेँ निवासमा लगातार आइरहने पाहुना, नेता कार्यकर्ता र सर्वसाधारणको सत्कार एवम् स्वागतमा उहाँले कहिल्यै थकानको अनुभव गर्नुभएन । उहाँले उही हँसिलो मुहारका साथ स्वागत गरिरहनुभयो ।

तर, २०५६ सालमा स्तन क्यान्सरलाई पराजित गरी जीवनमा नयाँ सङ्घर्ष थाल्नुभएकी शोभालाई २०७४ सालमा पाठेघरको क्यान्सर भयो । क्यान्सरजस्तो प्राणघातक रोग लाग्दा पनि उहाँ कत्ति पनि विचलित हुनुभएन । उहाँको आत्मविश्वास देखेर उपचारमा लागेका स्वास्थ्यकर्मी र चिकित्सक नै चकित भएका थिए । क्यान्सरले आफ्नो शरीर शिथिल बन्दै गए पनि उहाँले अध्यक्ष बिजुक्छेँका नियमित गतिविधिमा सकभर कुनै बाधा अड्चन नआओस् भन्ने मनसाय राख्नुहुन्थ्यो । पार्टी गतिविधिमा विगतमा जस्तो सक्रिय हुन नसके पनि उहाँले पार्टी कार्यकर्ता र महिलाहरूलाई हौसला दिने काम गरिरहनुभयो । निधनको केही दिनअघि मात्र उहाँलाई भेट्न अस्पताल पुगेका शुभचिन्तकहरू उहाँको उच्च मनोबल र हँसिलो मुहार देखेर खुसी भएर फर्के । यो पटक पनि क्यान्सरलाई परास्त गरेर घर फर्कने विश्वास धेरैले लिए ।

तर, आधुनिक चिकित्साशास्त्रको सीमाभन्दा पर पुगेर क्यान्सरले हमला गरेपछि उहाँको केही लागेन । २०७९ असार ८ गते उहाँको निधनपछि नेपालको क्रान्तिकारी महिला आन्दोलनले एक जना समर्पित कार्यकर्ता, ज्ञानको ज्योति बाँडेर समाजलाई उज्यालो बनाउने सपना देख्नुभएका उदाहरणीय शिक्षिका र परिवारको अभिभावक गुमाएको छ । नेपाल मजदुर किसान पार्टीले गहिरो क्षति व्यहोरेको छ । शोकलाई शक्तिमा बदलेर सङ्घर्षलाई चालू राख्नु पार्टीका सम्पूर्ण कार्यकर्ता, सदस्य, समर्थक तथा शुभचिन्तकहरूको जिम्मेवारी हो । त्यो नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।

पूर्वशिक्षिका शोभा प्रधानप्रति भावपूर्ण श्रद्धाञ्जली ! उहाँको योगदान र सहृदयी व्यक्तित्वलाई भावी पुस्ताले सधैँ स्मरण गरिरहनेछ ।

***साभार : स्मृतिमा कामरेड शोभा***


## हार्दिक समवेदना



जन्म
१९९७/१२/१८

स्वर्गारोहण
२०८३/०३/०५


यस संस्थाका सञ्चालक समितिका सदस्य शिवराम फौंजुका पूजनीय पिता एवं यस संस्थाका सदस्यता नं.२७८१ का सदस्य **गोपीलाल फौंजु**को असामयिक स्वर्गारोहण भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा मृतात्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी भगवानसँग प्रार्थना गर्दछ ।

**श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर नगरपालिका-६



पितृभ्यः स्वधायिभ्य स्वधा नमः

## श्रद्धाञ्जली एवं आभार



जन्म
१९८८/१०/१६

निधन
२०८३/०१/२६

हाम्रो कुलकै ज्येष्ठ अभिभावक तथा पूज्य पिता **न्हुछेराम प्रजापति** निधन भएको आज ४५ औं दिनको पुण्यतिथिमा उहाँप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

शोकको यस घडीमा समवेदना प्रकट गरी दुःखमा साथ दिनुभएका सम्पूर्ण छरछिमेक, इष्टमित्र, नातेदार, साथीभाइलगायत विभिन्न सङ्घ संस्थाहरूप्रति हामी हार्दिक आभार प्रकट गर्दछौं ।

बुद्धिसागर/महालक्ष्मी
ज्ञानसागर/विष्णुलक्ष्मी
दयासागर/बत्सला
बालसागर/श्रीमायासहित

**सम्पूर्ण पिठुननी प्रजापति परिवार**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा